# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १२ | अंक ३०६ | काठमाडौं | शुक्रबार, २२ फागुन २०८२ | Prabhab National Daily | Friday, 06 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## शान्तिपूर्ण निर्वाचन, ६० प्रतिशत मतदान

- मतदाताको उत्साहपूर्ण सहभागिता तर इतिहासकै न्यून मतदान
- देशभर कतै पनि भएन निर्वाचन स्थगित
- छिटफुट घटनाबाहेक निर्वाचन शान्तिपूर्ण
- प्रधानमन्त्रीले दिइन् जनतालाई बधाइ
- निर्वाचन सफल भएकोमा राष्ट्रपति खुसी
- प्रमुख दलका नेताहरूले दिए सरकार, निर्वाचन आयोग र सरोकारवालालाई धन्यवाद
- भारत र अमेरिकाद्वारा नेपाललाई बधाइ
- काठमाडौंमा मतगणना सुरू, अन्य जिल्लामा आज

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचन देशभर शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ । बिहीबार भएको यस निर्वाचनमा मतदाताहरू उत्साहपूर्वक सहभागी भएका थिए । निर्वाचन आयोगले देशभरि करिब ६० प्रतिशत मतदान भएको प्रारम्भिक अनुमान गरेको छ । मतदानपछि बिहीबार साँझ आयोजित पत्रकार सम्मेलनमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उक्त जानकारी दिएका हुन् ।

बिहीबारको निर्वाचनमा खसेको मत २०४८ सालयताकै सबैभन्दा न्यून हो । वि.सं. २०७९ को निर्वाचनमा ६१.६३ प्रतिशत, २०७४ मा ६८.६७ प्रतिशत, २०७० मा ७८.३४ प्रतिशत, २०६४ मा ६१.७० र २०५६ मा ६५.७९ प्रतिशत मत खसेको थियो । त्यसअघि २०५१ मा ६१.८६ प्रतिशत र २०४८ मा ६५.१५ प्रतिशत मतदान भएको थियो ।

यस पटकको निर्वाचनमा एक करोड ९० लाख नागरिक मतदानका लागि योग्य थिए । तर, यसमध्ये करिब ४० प्रतिशत मतदाता मतदानमै सहभागी भएनन् । निर्वाचनबाट भने प्रत्यक्षतर्फ १६५ जना र समानुपातिकतर्फ ११० जना सांसद चुनिँदै छ । प्रत्यक्षतर्फ राजनीतिक दलका र स्वतन्त्रसमेत गरी तीन हजार ४०५ जना उम्मेदवारबीच प्रतिस्पर्धा भएको हो ।

### कतै पुन:निर्वाचन गर्नु नपर्ने

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कहीँ पनि पुनः निर्वाचन गर्नुपर्ने अवस्था नभएको बताएका छन् । देशभरको १६५ वटै प्रतिनिधिसभा क्षेत्रमा शान्तिपूर्णरूपमा मतदान भएकाले फेरि निर्वाचन गर्नुपर्ने अवस्था नभएको उनको भनाइ छ । विगतका हरेक निर्वाचनमा कहीँ न कहीँ फेरि मतदान गर्नुपर्ने अवस्था आउँथ्यो । यसपटक भने त्यस्तो अवस्था नभएको भण्डारीले बताए ।





दाङको घोराही उपमहानगरपालिका–१५ स्थित पद्मोदय नमुना मावि केन्द्रमा बिहीबार प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्दै अशक्त ज्येष्ठ नागरिक (बायाँ) र महोत्तरीको जलेश्वर नगरपालिका–८ स्थित मतदान केन्द्रमा मतदान गर्ने क्रममा मतदाता । *तस्बिरः रासस*

### चुनाव सफल भएकोमा खुसी

प्रतिनिधिसभा निर्वाचन देशभर शान्तिपूर्ण रूपमा सम्पन्न भएकोमा राष्ट्रपतिदेखि प्रमुख राजनीतिक दलका नेतृत्वहरूले खुसी व्यक्त गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचन सम्पन्न भएकोमा सन्तोष प्रकट गरेका छन् । उनले निर्वाचन सफल बनाउन सक्रिय सरकार, निर्वाचन आयोग, सुरक्षाकर्मी, राजनीतिक दल, मतदाता, राष्ट्रसेवक कर्मचारी र सम्बद्ध सबै पक्षसहित आमनागरिकलाई धन्यवाद दिए । जेन-जी विद्रोहपछिको अन्योलपूर्ण राजनीतिक परिस्थितिलाई चलाखी र बुद्धिमतापूर्वक सम्हाल्दै उनले प्रधानमन्त्रीमा सुशीला कार्कीलाई नियुक्त गर्दै देशलाई निर्वाचनको बाटोमा धकेलेका थिए ।


क्रमशः पृष्ठ २ मा


### दुई छिमेकीसहित विभिन्न देशबाट बधाइ

नेपालमा निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएकोमा विभिन्न मुलुकले बधाइ दिएका छन् । दक्षिणी छिमेकी भारतले प्रतिनिधिसभा निर्वाचनमा नेपाली नागरिकले उत्साहका साथ आफ्नो लोकतान्त्रिक अधिकारको प्रयोग गरेकोमा खुसी व्यक्त गरेको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले बिहीबार साँझ चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि सफलतापूर्वक निर्वाचन सम्पन्न गराएको भन्दै भारतले प्रधानमन्त्री सुशीला कार्की, नेपाल सरकार, नेपाली जनता र निर्वाचनमा संलग्न सबै सरोकारवाला पक्षलाई बधाइ दिएको बताए ।


क्रमशः पृष्ठ २ मा


### प्रधानमन्त्रीले दिइन् जनतालाई बधाइ

प्रधानमन्त्री सुशीला कार्कीले उत्साहजनक सहभागिताका साथ ऐतिहासिकरूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न गरी मुलुकलाई लोकतान्त्रिक र संविधानसम्मत निकास दिन सफल भएकामा सम्पूर्ण नेपाली जनतालाई बधाइ दिएकी छन् । प्रधानमन्त्री कार्कीले बिहीबार निर्वाचनको मतदात सकिएलगत्तै सामाजिक सञ्जाल (फेसबुक)मार्फत भनेकी छन्, 'निर्वाचन आयोगको कुशल नेतृत्व, सुरक्षाकर्मीहरूको उच्च मनोबल र राष्ट्रप्रतिको बफादारिता, मेरो मन्त्रिपरिषद्का सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरूको लगनशीलता, राजनीतिक दल र उम्मेदवारहरूको सकारात्मक सहयोग, अन्तर्राष्ट्रिय समुदायको साथ र समर्थन, सञ्चारमाध्यमका जिम्मेवार खबरदारीका लागि धन्यवाद ।'

प्रधानमन्त्री कार्कीले आन्दोलनका सहिदहरू, घाइते योद्धाहरू तथा आन्दोलनकारी नवयुवाको त्याग, संयम, समझदारी र लोकतन्त्रप्रतिको समर्पणका लागि उच्च सम्मान व्यक्त गरेकी छन् । त्यसैगरी राष्ट्रपतिले निर्वाह गरेको अभिभावकीय भूमिकाका लागि प्रधानमन्त्री कार्कीले कृतज्ञता व्यक्त गरेकी छन् ।


क्रमशः पृष्ठ २ मा


## प्रधानमन्त्रीको अठोटले समयमै निर्वाचन



■ प्रभाव संवाददाता

**काठमाडौं–** निकै असहज र संकटपूर्ण राजनीतिक परिस्थितिमा पहिलो महिला प्रधानमन्त्री बनेकी सुशीला कार्की प्रतिनिधिसभा निर्वाचन तोकिएकै समयमा सम्पन्न गर्न सफल भएकी छन् । गत भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहपछि गम्भीर संकटमा परेको देशमा शान्तिपूर्ण निर्वाचन गराएर कार्कीले आफ्नो कार्यभार पूरा गरेकी हुन् ।

शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भएपछि प्रधानमन्त्री कार्कीले आफू अत्यन्त सन्तुष्ट रहेको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'मैले मेरो आफ्नो कर्तव्य पूरा गरेँ । म अत्यन्त खुसी छु ।'

कार्की नेतृत्वको चुनावी सरकारले जिम्मेवारी सम्हाल्दा देश अस्थिरता, अविश्वास र हिंसाको त्रासले ग्रस्त थियो । भदौ २३ र २४ गतेका घटनाले राजनीतिक अवस्थामात्र होइन, राज्यका संस्थाप्रति नागरिकको भरोसासमेत कमजोर बनेको थियो । सडकमा हिंसा, आगजनी र लुटपाट भइरहेका बेला कार्कीले चुनावी सरकारको नेतृत्व सम्हालेकी थिइन् ।

कुनै ठूलो राजनीतिक दलको

> "मैले मेरो आफ्नो कर्तव्य पूरा गरेँ । म अत्यन्त खुसी छु । हामीले जिम्मेवारी सम्हाल्दा अवस्था निकै असहज थियो तर पनि हामीलाई आत्मविश्वास थियो, लगनशीलताका साथ लागेपछि काम सम्भव हुन्छ ।
>
> **सुशीला कार्की**
> प्रधानमन्त्री

प्रत्यक्ष समर्थनविनै प्रधानमन्त्री बनेकी कार्कीले निर्वाचन गराउन सक्छिन् कि सक्दिनन् भन्ने प्रश्न उठेको थियो । तर, उनले निर्वाचनलाई प्राथमिकता दिँदै शान्तिपूर्ण वातावरण निर्माण गर्ने लक्ष्यसहित काम सुरु गरेकी थिइन् । खासगरी नेकपा एमालेलाई निष्पक्ष र स्वच्छ निर्वाचनबारे विश्वस्त तुल्याउन कार्कीलाई निकै मुस्किल पर्‍यो । जेन-जी आन्दोलनबाट विस्थापित भएका निवर्तमान प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनमा मौन अवधि अघिसम्म पनि निर्वाचन हुनेमा अझै विश्वास नभएको बताउँथे ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

### जेन-जी मतदाताको अपेक्षा

## देशभित्रै गरिखाने वातावरण बनोस्

■ ममता थापा

**काठमाडौं–** आकृति जोशी (२१) ले बिहीबार पहिलोपटक प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गरिन् । काठमाडौं-२ की मतदाता उनले कागेश्वरी मनोहरा-९ मा रहेको गान्धी आदर्श मावि केन्द्रमाबाट आफ्नो जीवनको पहिलो मत खसालेकी हुन् । पहिलो मतदानको अनुभवबाट उत्साहित देखिएकी जोशी स्नातकोत्तर गर्न भने विदेश जान खोज्दै छिन् । निर्वाचनपछि मुलुकमा स्थिरता छाउँदै गए स्वदेश फर्किने नभए उतै बस्ने उनले सुनाइन् ।

'ब्याचलर पढ्नलाई नै विदेश जाने भनेको तर घरमा सानै छौ भनेर मान्नुभएन । अब मास्टर्स गर्न विदेश नै जाने,' उनले भनिन्, 'त्यसपछि नेपालमा राम्रा नेता, पोलिसी आएर अवस्था राम्रो हुँदै गयो भने त्यहाँको एक्सपर्टिज लिएर नेपाल नै फर्किने विचार छ । यदि यहाँ आएर दु:ख पाउने अनि उता राम्रो अवसर पाउने भयो भने उतै बस्ने ।'

अधिकांश जेन-जी पुस्तामा मुलुकमै केही गर्नका लागि सहज वातावरण नभएको बताउने मनसाय हावी भएको छ । प्रविधिसँग हुर्किएको यो पुस्तामा राजनीतिक चेतना नभएको



र राष्ट्रप्रेमको भावना हराउँदै गएको पनि भनिन्छ । तर आफूहरू मुलुकको राजनीतिप्रति झन् बढी चासो राख्ने र मुलुकमा स्थिरता चाहने जोशी बताउँछिन् । 'मेरै साथीहरू प्लसटू गरेर विदेश गएकाहरू छन्, जो अहिलेको पोलिटिक्समा एकदमै इन्ट्रेस्टेड छन् । उनीहरू नेपालमा के भइरहेको छ, कस्तो भइरहेको छ भनेर सोधिखोजी गर्छन्,' उनले भनिन्, 'कुराकानीमा पनि उनीहरू नेपालमै फर्किन खोजेको पाउँछु । तर पोलिटिकल्ली स्टेबल हुनपर्‍यो र भविष्यप्रति अहिले जुन अन्योलता छ त्यो कम हुनपर्‍यो ।'

सोही मतदान केन्द्रमा भेटिएका आयुस केसी (१९)ले यसपालिको चुनावी माहोलले केही आशा जगाएको बताए । देशको अवस्था हेर्दा आयुसलाई पनि विदेश जानु नै ठीक जस्तो लाग्छ । तर निर्वाचनबाट चुनिएर गएकाहरूले प्रणालीमा सुधार ल्याए नेपालमै बस्ने उनले बताए ।

'यसपालि माहोल राम्रो छ । पुरानालाई च्यालेञ्ज गर्ने नयाँ-नयाँ आइडियोलोजी आएको छ । यो पटक केही हुन्छ भन्नेमा आशावादी छौं, तैपनि हुन्छ नै भन्ने पनि छैन,' उनले भने, 'राम्रो अप्सन विदेश जानु नै जस्तो लाग्छ । तर अहिले पर्खिम अनि ब्याचलर सक्किएपछि देशमा कुनै पनि विकल्प नै भेटिएन भने त जाने हो ।' इञ्जिनियरिङमा स्नातक गर्दै गरेका आयुस विदेश जान्छन् या जाँदैनन् भन्ने निर्क्योल अब बन्ने सरकारको कामले गर्ने छ । युवाहरू यहीँ बस्नका लागि आफ्नो क्षमता र दक्षताअनुसारको काम पाउनुपर्ने उनको भनाइ छ ।


क्रमशः पृष्ठ २ मा


### नवपुस्ताका मतदाता भन्छन्


## हाम्रो भविष्यसँग फेरि खेलबाड नहोस्

**काठमाडौं–** निर्वाचनमा यसपटक नयाँपुस्ता अर्थात् 'जेन-जी' मतदाताको उत्साह उल्लेख्य देखिएको छ । पहिलोपटक मतदान गर्ने वा विदेशबाट फर्किएर मतदानमा सहभागी हुने युवाहरूले आफ्नो मतलाई देशको भविष्यसँग जोडेर हेरेका छन् ।

तीन वर्षदेखि अध्ययनका लागि क्यानडामा बस्दै आएकी २५ वर्षीया सुजानी श्रेष्ठ यसपटकको निर्वाचनमा सहभागी हुन नेपाल फर्किइन् । डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रममा मतदान गरेपछि उनले मतदान गर्न पाउँदा उत्साहित भएको प्रतिक्रिया दिइन् ।

उच्च शिक्षा र रोजगारीका लागि विदेसिनुपर्ने बाध्यताको अन्त्य र पारदर्शिता आगामी सरकारको प्राथमिकता हुनुपर्नेमा श्रेष्ठले जोड दिइन् । 'यसपटक जसरी पनि मतदान गर्नुपर्छ भनेर म क्यानडाबाट भर्खरै नेपाल फर्किएको हुँ,' उनले भनिन्, 'अब बन्ने सरकारको पहिलो प्राथमिकतामा पारदर्शिता, सुशासन पर्नुपर्छ । हाम्रो देशमा भ्रष्टाचार बढी हुनाले युवाहरू विदेसिन बाध्य छन् ।


क्रमशः पृष्ठ २ मा

*तस्बिरः रासस*

> अब बन्ने सरकारको पहिलो प्राथमिकतामा पारदर्शिता, सुशासन पर्नुपर्छ । देशभित्रै गुणस्तरीय शिक्षा र रोजगारीको अवसर सिर्जना भएमा अधिकांश युवा स्वदेशमा बस्ने छन् ।
>
> **सुजानी श्रेष्ठ (२५)**
> मतदाता

> पछिल्ला राजनीतिक घटनाक्रमका घाउ अझै ताजा छन् । अब निर्वाचित नेतृत्वले पाठ सिकेर देशलाई स्थिरता दिनुपर्छ ।
>
> **मञ्जुल पराजुली (२६)**
> मतदाता

### मतदाताको अपेक्षा सुशासन र रोजगारी

**काठमाडौं (प्रस)–** डिल्ली बजारस्थित पद्मकन्या विद्या आश्रम मतदान केन्द्रबाट भोट हालेर फर्कंदै गरेकी ९० वर्षीया शान्ता रेग्मीले जीवनमा कतिपटक मतदान गरिन् भन्ने ठ्याक्कै सम्झना छैन । एउटै कुराको सम्झना भने उनलाई स्पष्ट छ, विगतका चुनावमा मत दिएका धेरै नेताहरू जितेर गए, तर अधिकांशले जनतासँग गरेका वाचा पूरा गर्न सकेनन् ।


क्रमशः पृष्ठ २ मा

# कहाँ कति खस्यो मत ?

**काठमाडौं** (**प्रस**)– प्रतिनिधिसभा निर्वाचनमा देशभर ६० प्रतिशत मत खसेको निर्वाचन अयोगले जानकारी दिएको छ । यसैगरी विभिन्न जिल्ला तथा प्रदेशमा खसेको मत संख्या प्राप्त भएको छ ।

## सुदूरपश्चिम प्रदेशमा ५१ प्रतिशत मतदान

सुदूरपश्चिम प्रदेशमा ५१.३७ प्रतिशत मतदान भएको छ । प्रदेश निर्वाचन कार्यालयका अनुसार कैलालीमा ५५.३७ प्रतिशत र कञ्चनपुरमा ५८.९६ प्रतिशत मत खसेको छ । त्यसैगरी डोटीमा ४०.८७, अछाममा ३९.१८, बाजुरामा ५१.६१, डडेलधुरामा ४९.१५, बझाङमा ४६.४४, बैतडीमा ४६.७७ र दार्चुलामा ५३.७५ प्रतिशत मतदान भएको छ । सुदूरपश्चिममा जम्मा १७ लाख १६ हजार ६६० मतदाता रहेकोमा चार लाख ८३ हजार १८३ महिला र तीन लाख ९८ हजार ७६३ पुरुष र अन्य सात जना गरी कूल आठ लाख ८१ हजार ९५३ मतदाताले मतदान गरेका छन् ।

## कर्णालीमा ५३ प्रतिशत मत खस्यो

यसैगरी कर्णाली प्रदेशमा ५२.९० प्रतिशत मत खसेको छ । निर्वाचन आयोग कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका सूचना अधिकारी नन्दराम चौलागाईंका अनुसार प्रदेशका १२ निर्वाचन क्षेत्रमा सबैभन्दा बढी हुम्लामा ६४.९५ प्रतिशत मत खसेको छ । त्यस्तै, डोल्पामा ६३.१४, मुगुमा ५८.९०, रुकुमपश्चिममा ५८.४४, जुम्लामा ५६.६५, जाजरकोटमा ५६.६५, कालीकोटमा ४८.६२ र सल्यानमा ४४.४० प्रतिशत मत खसेको सूचना अधिकारी चौलागाईंले जानकारी दिए ।

सुर्खेत क्षेत्र नं १ मा ५४.५७, क्षेत्र नं २ मा ५६.०३, दैलेख क्षेत्र नं १ मा ५०.५१ र क्षेत्र नं २ मा ४३.०७ प्रतिशत मत खसेको छ । कूल १० लाख ३७ हजार २५० मतदातामा पाँच लाख ५४ हजार ३४१ मतदाताले मात्र मत खसालेको सूचना अधिकारी चौलागाईंले जानकारी दिए । कर्णालीमा तीन लाख ४४२ महिला र दुई लाख ५३ हजार ८९७ पुरुष मतदाताले प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा भाग लिएका छन् । चार लाख ८२ हजार ९०९ मतदाता यो निर्वाचनमा सहभागी हुन नसकेको बताइएको छ ।

## ललितपुरमा ६८.३३ प्रतिशत मत खस्यो

बागमती प्रदेशको ललितपुरमा ६८.३३ प्रतिशत मत खसेको छ । जिल्ला प्रहरी परिसर ललितपुरले अद्यावधिक गरेको तथ्यांकअनुसार जिल्लाको तीनवटै क्षेत्रमा रहेका दुई लाख ६९ हजर २५५ मतदातामध्ये एक लाख ८३ हजार ९९८ जना मतदाता सहभागी भई सफलतापूर्वक मतदान सम्पन्न भएको जिल्ला प्रहरी परिसरका सूचना अधिकारी प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

कुल मतदाताका आधारमा यो तथ्यांक ६८.३३ प्रतिशत हुन आउँछ । कूल ७७ हजार ७३७ मतदाता रहेको ललितपुर क्षेत्र नं १ मा २६ हजार ८९१ पुरुष र २५ हजार ७४१ महिला गरी जम्मा ५२ हजार ६३२ मतदाताले मतदान गरेको तथ्यांक नेपाल प्रहरीले अद्यावधिक गरेको छ । त्यसैगरी, ८९ हजार ८२ मतदाता रहेको ललितपुर क्षेत्र नं २ मा ३१ हजार ३५ महिला र ३० हजार ९४० पुरुष गरी जम्मा ६१ हजार ९७५ जनाले मतदान गरेका छन् । त्यस्तै, एक लाख दुई हजार ४३६ मतदाता रहेको ललितपुर क्षेत्र नं ३ मा ३५ हजार ५५ महिला र ३४ हजार ३३६ पुरुष गरी जम्मा ६९ हजार ३९१ जनाले मतदान गरेका छन् ।

## इलाममा ५७ प्रतिशत मत खस्यो

इलाममा प्रतिनिधिसभा सदस्य निर्वाचनमा ५६.५३ प्रतिशत मत खसेको छ । सबै मतदान केन्द्रको विवरण आइसक्दा दुई लाख ३१ हजार ८०९ मध्ये एक लाख ३१ हजार ३९ अर्थात् ५६.५३ प्रतिशत मत खसेको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले जानकारी दिए ।

प्रजिअ ढकालका अनुसार जिल्लामा ६२ हजार ७७७ महिला, ६८ हजार २६१ पुरुष र एक जना अन्य मतदाताले मतदान गरेका छन् । दुई वटा निर्वाचन क्षेत्र रहेको इलाममा क्षेत्र नं १ मा २९ हजार ७२८ महिला र ३४ हजार ३७६ पुरुष मतदाताले मतदान गरेका छन् । सो क्षेत्रमा ५३ हजार ६४६ महिला, ५८ हजार ६७३ पुरुष र एकजना अन्यसहित एक लाख १२ हजार ३२० मतदाता थिए । त्यस्तै, क्षेत्र नं २ मा ३३ हजार ४९ महिला, ३३ हजार ८८५ पुरुष र एक जना अन्य मतदाताले मतदान गरेका छन् । सो क्षेत्रमा ५८ हजार ५१२ महिला, ६० हजार ९७५ पुरुष र दुई तेस्रो अन्यसहित एक लाख १९ हजार ४८९ मतदाता थिए ।

## मोरङमा ६५ प्रतिशत मतदान

मोरङका छवटा निर्वाचन क्षेत्रमा कूल पाँच लाख पाँच हजार ५१४ अर्थात् ६४.५६ प्रतिशतले मतदान गरेका छन् । जिल्ला प्रशासन कार्यालय मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाले दुई लाख ४३ हजार ३१६ पुरुष, दुई लाख ६२ हजार १९६ महिला र अन्य दुई जना गरी पाँच लाख पाँच हजार ५१४ ले मतदान गरेको जानकारी दिएका हुन् । मोरङको क्षेत्र नं १ मा ६०.३६, क्षेत्र नं २ मा ६२.९७, क्षेत्र नं ३ मा ६१.१७, क्षेत्र नं ४ मा ६७.१५, क्षेत्र नं ५ मा ७१.२८ र क्षेत्र नं ६ मा ६६.५६ प्रतिशत मतदाताले मतदान गरेका छन् ।

## धनुषामा ६० प्रतिशत मतदाताले गरे मतदान

धनुषामा ६० प्रतिशत मतदान भएको धनुषाका मुख्य निर्वाचन अधिकृत सुभासबाबु पुरले जानकारी दिए । सबै चार निर्वाचन क्षेत्रका ६४५ मतदान केन्द्रमा पाँच लाख १४ हजार ५७१ जना मतदाता थिए । सबै मतदान केन्द्रमा शान्तिपूर्णरूपमा मतदान भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताए

## रुपन्देहीमा ६५ प्रतिशत मतदान

रूपन्देहीमा प्रतिनिधिसभा सदस्य निर्वाचनमा ६५ प्रतिशत मतदान भएको छ । जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतका अनुसार जिल्लाका सबै क्षेत्रबाट प्राप्त प्रारम्भिक तथ्यांकअनुसार उत्साहजनक सहभागिता देखिएको छ । जिल्लाका पाँच वटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी मतदान रूपन्देही क्षेत्र नं ३ मा भएको छ । क्षेत्र नं १ मा ६६.३२ प्रतिशत मत खसेको छ । क्षेत्र नं २ मा ६४.०७ प्रतिशत, क्षेत्र नं ३ मा ६७.८२ प्रतिशत, क्षेत्र नं ४ मा ६६.६१ प्रतिशत र क्षेत्र नं ५ मा ६०.२७ प्रतिशत मत खसेको छ ।

## चितवनमा ६४ प्रतिशत मतदान

चितवनमा ६४.१२ प्रतिशत मत खसेको छ । जिल्लाका तीन निर्वाचन क्षेत्रमा बिहीबार बिहानदेखि भएको मतदानका क्रममा दुई लाख ८३ हजार ४२८ मत खसेको हो । जसमध्ये ६७.२५ प्रतिशत महिला र ६०.८९ प्रतिशत पुरुष रहेको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए ।

## मुस्ताङमा ५६.४७ प्रतिशत मत खस्यो

मुस्ताङमा शान्तिपूर्ण र उत्साहजनक रूपमा प्रतिनिधिसभा सदस्यको मतदान सम्पन्न भएको छ । त्यहाँ ५६.४७ प्रतिशत मत खसेको छ । जिल्लाका पाँचवटै स्थानीय तहमा रहेका मतदान केन्द्रमा बिहीबार बिहान निर्धारित समयमा सुरु भएको मतदानमा स्वच्छ र शान्तिपूर्ण रूपमा सम्पन्न भएको हो । जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीका अनुसार कूल छ हजार ३९७ मत खसेकामा महिला तीन हजार १७० र पुरुष तीन हजार २२६ जना र एक मतदाता अन्य रहेका छन् ।

पृष्ठ १ बाट क्रमशः

## शान्तिपूर्ण...

### 'एक थोपा पनि रगत नबगी' निर्वाचन सम्पन्न

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान कार्य शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएकामा सबैलाई धन्यवाद दिएका छन् । गृहमन्त्री अर्यालले राष्ट्रपतिको निर्देशन र प्रधानमन्त्रीको नेतृत्वमा सम्बद्ध सबै पक्षको सहयोगका कारण मुलुकभर एकै चरणमा मतदान कार्य सम्पन्न भएको भन्दै प्रधानमन्त्रीको अभिलाषाबमोजिम 'एक थोपा पनि रगत नबगी' निर्वाचन गर्ने कार्य सम्पन्न भएको उल्लेख गरेका छन् ।

लोकतान्त्रिक प्रक्रियाको महत्त्वपूर्ण अभ्यासका रूपमा रहेको निर्वाचनमार्फत जनादेश लिनु संवैधानिक र कानुनी दृष्टिले सर्वोत्तम पक्ष हो भन्दै गृहमन्त्री अर्यालले यस निर्वाचनका माध्यमबाट संविधान कार्यान्वयन एवं नेपाली जनताले प्राप्त गरेको हकअधिकारको संस्थागत गर्नमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको बताए ।

मन्त्री अर्यालले निर्वाचन प्रक्रियामा संलग्न आम नेपाली नागरिक, सम्पूर्ण मतदाता, उम्मेदवार, राजनीतिक दलका नेता तथा कार्यकर्ता, निर्वाचनमा संलग्न निजामती कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, राष्ट्रिय अन्तरराष्ट्रिय पर्यवेक्षक र प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहयोग एवं योगदान गर्नुहुने सबैप्रति हार्दिक आभार प्रकट गरेका छन् । उनले निर्वाचनको मतदानपश्चात् मतगणनाको कार्यमा सकारात्मक भूमिका र सहयोगका निमित्त सम्बन्धित सबैमा अनुरोध गरेका छन् । गृह मन्त्रालयकी प्रवक्ता रमा आचार्यले छिटपुट घटनाबाहेक देशभर शान्तिपूर्ण निर्वाचन सम्पन्न भएको बताइन् । मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखामा निर्वाचनसम्बन्धी कन्ट्रोल रुम सञ्चालन गरेको पनि उनले बताएकी छन् ।

### दुई राउण्ड हवाई फायर

यसपटकको प्रतिनिधिसभा निर्वाचनमा सुरक्षाकर्मीले कहीँ पनि बल प्रयोग गर्नुपरेन । दुई राउण्ड हवाई फायर र एक राउण्ड असावधानीपूर्वक गोली चलेकोबाहेकका घटना भएन । प्रहरीले दोलखाको तामाकोशी गाउँपालिका-४ मा रहको गोल्मेश्वर मावि मतदान केन्द्रमा बिहीबार बिहान मतदान कर्मचारी र दलका कार्यकर्ताबीच उत्पन्न विवादमा कर्मचारीमाथि हातपात भएपछि प्रहरीले दुई राउण्ड हवाई फायर भएको थियो । निर्वाचनमा जहिल्यै विवाद हुने जिल्ला भनेर चिनिने दोलखाको उक्त मतदान केन्द्रमा केही मतपत्र भने हरायो । मतदान केन्द्रमा दलहरूले खटाएका केही एजेन्ट पक्राउ परे । विवाद झनै बढ्यो र मतदाताहरूसँगै दलका प्रतिनिधिहरू फर्किए । यद्यपि, मतदान सुचारु गर्ने दलीय सहमति भयो र स्थगित भएको करिब ६ घण्टापछि मध्याह्न ४ बजेपछि मतदानले निरन्तरता पाएको प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले बताए ।

यस्तै, उदयपुरको कटारी नगरपालिका-३ स्थित तरकारी तथा फलफूल बिक्री केन्द्र तावाखोला 'ख' मतदान केन्द्रमा प्रहरी जवानले बोकेको सटगन उनी लड्दा पड्केको थियो । त्यसले मतपेटिकामा क्षति पुग्यो तर मतपत्र सुरक्षित भयो । नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्लेका अनुसार दोलखा र उदयपुरबाहेक अन्यत्र गोली चलेन । बल प्रयोग पनि कहीँ गर्नु परेन ।

### हिमाली तथा दुर्गममा मतगणना आज

प्रतिनिधिसभा निर्वाचनको मतगणना दुर्गम र हिमाली क्षेत्रमा आज गरिने भएको छ । हेलिकप्टरबाट मतपेटिका संकलन गर्नुपर्ने भएकाले आज मात्रै मतगणना सुरु गर्न सकिने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए । उनले भने, 'हामी सबै मतपेटिका संकलन गर्दै छौं । विकट र दुर्गम ठाउँबाट हेलिकप्टरमासमेत मतपेटिका ओसार्न समय लाग्छ र आजदेखि मात्रै ती जिल्लाहरूमा मतगणना हुन्छ ।'

सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङका १६ वटा मतदानस्थल, गण्डकी प्रदेशका ३२ वटा मतदानस्थल, बागमतीका रसुवा, दोलखा र धादिङका केही मतदान केन्द्रका मतपेटिका केन्द्रमा ल्याएर मात्र मतगणना गरिने छ । लुम्बिनी प्रदेशस्थित रुकुमपूर्वका सातवटा मतदानस्थलमध्ये केही, कर्णाली प्रदेशका हुम्ला, डोल्पा र रुकुम पश्चिमका सबै ४० वटा मतदानस्थलका मतपेटिका ल्याइसक्न बाँकी छ । सुदूरपश्चिमको दार्चुला, बाजुरा र बझाङका २० वटा मतदानस्थलका मतपेटिका पनि आजमात्रै ल्याइसकिने र मतगणना थालिने भण्डारीले बताए ।

### दार्चुला, ओखलढुंगा र दाङमा 'नो भोट'

दार्चुलाको दुई मतदान केन्द्रमा मतदाताले निर्वाचन बहिष्कार गरेका छन् । नौगाड गाउँपालिका-१ स्थित गौरीशंकर मावि नागु र अपिहिमाल गाउँपालिका-३ स्थित दुधिला आधारभूत विद्यालय झुस्कु मतदान केन्द्रका मतदाताले निर्वाचन बहिष्कार गरेका हुन् । निर्वाचन कर्मचारीहरू रित्तो मतपेटिका बोकेर सदरमुकाम खलंगा फर्किएका छन् । नागुमा मतदान केन्द्रमा ६०२ जना मतदाता र झुस्कु मतदान केन्द्रमा ३४६ जना मतदाता थिए ।

उनीहरूले एक महिनाअघि नै नागुमा सडकलगायतका विकास निर्माणको माग राख्दै निर्वाचन बहिष्कारको घोषणा गरेका थिए । उनीहरूलाई मतदानमा सहभागी हुनका लागि जिल्लास्थित राजनीतिक दलसँगै सुदूरपश्चिम प्रदेश सरकारका मुख्यसचिव वैकुण्ठ अर्यालले नागु पुगेर छलफल गरेका थिए । मतदाताहरू भने अडानमा अडिक रहे । दुवैमा निर्वाचन कर्मचारीहरूले भने मतदान गरे ।

निर्वाचन बहिष्कार भएको ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका-७ को टोक्सेलमा रहेको सातसल्ले मतदान केन्द्रमा पनि हो । त्यहाँ एक जना पनि मतदाताले यसपटक मतदान गरेनन् । निर्वाचनमा खटिएका चार जना कर्मचारीबाहेक स्थानीयले मतदान नगरेपछि त्यसै कर्मचारीहरू फर्किएका छन् । त्यहाँका मतदाताहरूले गाउँपालिकाको वडा नम्बर ७ हर्कपुरमा प्रदेशस्तरीय अस्पताल निर्माण नभएको भन्दै निर्वाचन बहिष्कार गरेका हुन् ।

दाङको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-३ को बबई गाउँपालिकाको जिला आधारभूत विद्यालय मतदान केन्द्रमा पनि एक मत खसेन । त्यहाँ ६४० जना मतदाता छन् । उनीहरू सबै प्रतिनिधिसभा निर्वाचनमा उनीहरू 'नो भोट'को पक्षमा उभिए । यस ठाउँ बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्छ । बर्दिया राष्ट्रिय निकुञ्जलगायत विभिन्न निकुञ्जको मध्यवर्ती क्षेत्रका वासिन्दाहरू बाघबाट असुरक्षित बन्दै गएको अवस्थामा आफूहरूलाई छिटो सुरक्षित ठाउँमा स्थानान्तरण गर्न प्रधानमन्त्रीसँगै माग गरेका थिए । तर, बस्ती स्थानान्तरणको माग सम्बोधन नहुँदा रुष्ट उनीहरूले मतदान नगरेको वडाध्यक्ष प्रेमकुमार डाँगीले बताए ।

■■■

## चुनाव सफल...

तोकिएकै समयमा बिहीबार निर्वाचन सम्पन्न भएपछि राष्ट्रपति पौडेल खुसी भएका हुन् । नेपाली कांग्रेसका सभापति गगन थापाले मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता पुनः एकपटक बलियो रूपमा अभिव्यक्त भएको बताएका छन् । मतदान सम्पन्न भएपछि विज्ञप्ति जारी गर्दै उनले निर्वाचनमा सहभागी भएर अमूल्य मताधिकार प्रयोग गर्ने सम्पूर्णलाई पार्टीका तर्फबाट उच्च सम्मानसहित कृतज्ञता व्यक्त गरेका हुन् ।

'यहाँहरूको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रति तपाईंहरूको गहिरो विश्वासलाई पुष्टि गरेको छ भने अर्कातर्फ राजनीतिक दलहरू र अब बन्ने सरकारलाई जनअपेक्षा अनुसार काम गर्न थप जिम्मेवार बनाएको छ,' सभापति थापाले भने । छिटफुट घटनाबाहेक शान्तिपूर्ण वातावरणमा निर्वाचन भएको भन्दै उनले सरकार र निर्वाचन आयोगलाई धन्यवाद ज्ञापन गरे ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न गरेकोमा सरकारलाई धन्यवाद दिएका छन् । अध्यक्ष ओलीले बिहीबार सामाजिक सञ्जालमार्फत देशभर आमरूपमा शान्तिपूर्ण मतदान सम्पन्न भएकामा धन्यवाद ज्ञापन गरेका हुन् ।

'निर्वाचन सम्पन्न गरेकामा सरकार, निर्वाचन आयोग, मतदानमा सहभागी हुनुभएका सम्पूर्ण मतदाता, निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मी सबैलाई धन्यवाद । निर्वाचनमा सक्रिय पार्टीका कार्यकर्ता तथा प्रतिनिधिहरूलाई पनि धन्यवाद,' उनले भनेका छन् ।

सरकारले निर्वाचन घोषणा गर्दा सुरुमै स्वागत गरेका नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले निर्वाचनले लोकतन्त्रलाई थप मजबुत बनाएको बताएका छन् । उनले शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा निर्वाचन सम्पन्न गर्न सफल भएकामा सरकार, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सहभागी राजनीतिक दल, नागरिक समाज एवं सम्पूर्ण मतदाताप्रति आभार प्रकट गरे । आगामी दिनमा जनताको निर्णयलाई सम्मान गर्दै देश र जनताको हितमा सबैपक्ष मिलेर अघि बढ्ने उनले बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भएकोमा सम्बद्ध सबैलाई धन्यवाद दिएको छ । सभापति रवि लामिछानेले बिहीबार विज्ञप्ति जारी गरी चौतर्फी चुनौतीका बाबजुद् निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न अहम् भूमिका निर्वाह गर्ने सम्पूर्ण सरोकारवाला पक्षहरूलाई धन्यवाद ज्ञापन दिएका हुन् । उनले निर्वाचन परिणामले जेन-जी पुस्ताको लोकतन्त्र, पारदर्शिता, उत्तरदायित्व र सुशासन राखेको अपेक्षा र आकांक्षालाई सम्बोधन गर्ने रास्वपाले आशा तथा विश्वास गरेको बताए । रास्वपाकै वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री कार्कीको नेतृत्वमा बिहीबार लोकतन्त्रले जितेको बताए । बिहीबार साँझ मतदानको समय सकिएपछि सामाजिक सञ्जालमा प्रधानमन्त्री कार्कीको तस्बिर पोस्ट गर्दै उनले लेखेका छन्, 'हजुरको नेतृत्वमा आज लोकतन्त्रले जितेको छ ।'

■■■

## दुई छिमेकीसहित...

उनले नेपालको शान्ति, प्रगति र स्थिरताका लागि भारत सधैँ प्रतिबद्ध रहेको बताउँदै आगामी दिनमा नेपालसँगै सहकार्य जारी राख्ने स्पष्ट पारे । निर्वाचनपछि गठन हुने सरकारसँग मिलरे काम गर्न भारत इच्छुक रहेको पनि उनको भनाइ छ ।

उत्तरी छिमेकी राष्ट्र चीनले पनि बधाइ दिएको छ । नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले सामाजिक सञ्जाल एक्समा एक स्टाटस लेख्दै नेपालमा यति शान्तिपूर्ण, व्यवस्थित र सहज रूपमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएकोमा बधाइ दिएका हुन् । उनले लोकतान्त्रिक अधिकार प्रयोग गरेकोमा नेपालीहरूलाई हार्दिक शुभकामनासमेत दिएका छन् । 'यस निर्वाचनका लागि नेपाली अधिकारीहरू र सबै क्षेत्रका व्यक्तिहरूले गरेको ठूलो प्रयासको पूर्ण कदर गरिनुपर्छ,' उनले लेखेका छन्, 'म नेपालको स्थिरता, विकास र समृद्धिको साथै नेपाली जनताको सुख, स्वास्थ्य र सफलताको कामना गर्दछु । चीन सधैं नेपालको साथमा छ ।'

यसैगरी संयुक्त राज्य अमेरिकाले पनि बिहीबार नै निर्वाचन सम्पन्न भएकोमा बधाइ दिएको छ । 'निर्वाचन सम्पन्न भएकोमा नेपाली जनतालाई हार्दिक बधाइ । आगामी सरकारसँग हाम्रा दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरूमा सहकार्य गर्न हामी उत्सुक छौं,' नेपालस्थित अमेरिकी दूतावासले सामाजिक सञ्जाल फेसबुकमार्फत जारी गरेको विज्ञप्तिमा भनिएको छ । स्वीट्जरल्याण्ड, इजरायललगायत मुलुकले पनि बधाइ दिएका छन् ।

■■■

## प्रधानमन्त्रीको...

अन्ततः निर्धारित समयमै भयो, त्यो पनि शान्तिपूर्ण रूपमा । यसअघिका निर्वाचनहरूमा हिंसात्मक घटनासमेत हुन्थे । पुनः निर्वाचन गर्नुपर्ने हुन्थ्यो । तर, यसपटक त्यस्तो भएन । कार्की सरकार एकैपटकमा निर्वाचन गराउन सफल भयो । उनले आफूहरूले सुरुदेखि नै शान्तिपूर्ण निर्वाचन गराउने उद्देश्य राखेको बताइन् । 'हामीले जिम्मेवारी सम्हाल्दा अवस्था निकै असहज थियो तर पनि हामीलाई आत्मविश्वास थियो, लगनशीलताका साथ लागेपछि काम सम्भव हुन्छ ।'

उनका अनुसार सरकारको सबैभन्दा ठूलो चुनौती सुरक्षा व्यवस्थापन थियो । त्यसका लागि एकीकृत निर्वाचन सुरक्षा योजना लागू गरी सबै सुरक्षा निकायबीच प्रभावकारी समन्वय गरिएको उनले बताइन् । 'नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र गृह प्रशासन सबैबीच राम्रो समन्वय भयो । सबैले एउटै राष्ट्रिय भावनाका साथ काम गर्नुभयो, उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ,' प्रधानमन्त्री कार्कीले बताइन् । उनले हिंसारहित निर्वाचनका लागि सरकार सुरुदेखि नै प्रतिबद्ध रहेको पनि दाबी गरेकी छन् । 'चुनावमा हिंसा हुनुहुँदैन भन्ने हामीले पहिलो दिनदेखि नै भनेका थियौं । हाम्रो प्रयास नै त्यसैमा केन्द्रित रह्यो,' उनको भनाइ छ ।

यद्यपि, सरकारमाथि विभिन्न प्रकारका आलोचना र दबाब आए पनि आफूहरू विचलित नभएको उनले खुलाइन् । उनले आफ्नो कार्यकालमा भएका उपलब्धिबारे जानकारी दिन सरकार श्वेतपत्र सार्वजनिक गर्ने तयारीमा रहेको जानकारी दिएकी छन् ।

■■■

## देशभित्रै...

'देशको आर्थिक अवस्था राम्रो हुनुपर्‍यो । युवाहरूले जब खोजिरहेको सेक्टरको ग्रोथ हुनुपर्‍यो,' उनले थप भने, 'उदाहरणका लागि म इन्जिनियरिङ गर्दै छु । इण्डस्ट्रिजको सेक्टरमा मेरो धेरै काम हुन्छ । फरेन इन्भेस्टमेन्ट ल्याएर इण्डस्ट्रिज बुम गराउनपर्‍यो । त्यसपछि हामी यही बस्छौं ।'

सोही मतदान केन्द्रमा भेटिएका दीपेश श्रेष्ठ (२५) ले भने मतदाता नामावलीमा नाम दर्ता नै गरेका रहेनछन् । श्रीमतीलाई मतदान गर्न ल्याएका उनी निर्वाचनप्रति उत्सुक थिएनन् । रसियामा डेढ वर्ष रोजगारी गरेर फर्किएका उनलाई अब बन्ने सरकारले परिवर्तन ल्याउनेमा विश्वास छैन ।

'यहाँ बसेर केही गर्छु भन्दा गर्न नपाइने स्थिति सानैदेखि देखेको हो नि त,' श्रेष्ठले भने, 'हामी जस्तै २५-२६ वर्षको उठेको भए हाल्थे पनि होला । अरुलाई हाल्न मन लागेन । अहिले उठेकाहरू पछि गएर पैसाको लोभले बिग्रिने नै हो ।'

दीपेश फेरि विदेश नै जाने तयारी गर्दै छन् । मुलुकको हरेक क्षेत्रमा घुसेको राजनीति र देखिएको नातावाद, क्रिपावादका कारण हैरान भएका उनले सिस्टमकै कारण मुलुक छोड्न बाध्य भएको सुनाए । 'नेपालमा बसेर पनि नेपालीजस्तो नभई पार्टीको कार्यकर्ताजस्तो हुनपर्ने अवस्था छ । कि त हाइ पोस्टको मान्छे समाउनपर्‍यो । नत्र केही गर्नै सकिँदैन,' उनले भने, 'नेपाल आएको छ-सात महिना भयो । अब फेरि जाने तयारी गर्दै छु । सानो बच्चाहरूलाई सोध्दा पनि पछि विदेश जाने भन्छन् । सुन्दा मजा आउँदैन तर पनि बाध्यता हो ।'

मतदान गरेर फर्किएकी गोमा पाण्डे (२८)मा भने यसपटकको चुनावले सकारात्मक परिवर्तन ल्याउने आशा थियो । जेन-जी आन्दोलनपछि मतदाताका साथै नेताहरू पनि सचेत भएकाले नेतृत्वमा जानेहरू प्रतिबद्धताका साथ जाने उनको अपेक्षा छ । अधिवक्तासमेत रहेकी पाण्डेका अनुसार युवाहरू स्वदेशमा बस्न नचाहनुको मूल कारण भ्रष्टाचार नै हो । 'मुलुकमा केही गर्नलाई माहोल बनाइदिने काम नेतृत्वले गर्नुपर्छ । अन्य मुलुकमा सेवाग्राहीले 'अन द स्पट' सेवा पाउँछन् । तर हाम्रोमा माथिदेखि तलसम्म सबैलाई ढोग्नपर्छ,' उनले भनिन्, 'मैले आफैं पनि कानुन व्यवसायको क्षेत्रमा यति धेरै भ्रष्टाचार देखेको छु र यो भ्रष्टाचार सबै क्षेत्रमा उत्तिकै छ । मान्छेहरूलाई सानोतिनो उद्योग नै गर्छु भन्दा पनि रजिस्ट्रेसनमै पैसा खुवाउनपर्छ । सिस्टमको यस्तो लुप होलहरू हट्यो भने मुलुकमै केही गर्न सकिन्छ ।'

आकृति, आयुस, दीपेश त प्रतिनिधिमूलक पात्रमात्र हुन् । पछिल्लो समय युवा पुस्ताले आफ्नो उज्ज्वल भविष्य विदेशमामात्र देख्न थालेको छ । केही वर्ष अघिको तुलनामा विदेसिनेहरूको संख्या बसेनि बढ्दो छ । गत आर्थिक वर्ष २०८१/८२ मा आठ लाख ३९ हजार २६६ जनाले रोजगारीको खोजीमा मुलुक छोडेका थिए । चालु आर्थिक वर्षको माघसम्म मुलुकमा पाइने रोजगारीले जीविकोपार्जन गर्नै धौधौ भएपछि रोजगारी खोज्दै खाडीदेखि युरोपका विभिन्न मुलुक पुग्नेहरू ४० लाखभन्दा बढी रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तथ्यांक छ ।

साथै, अध्ययनका लागि अस्ट्रेलिया, अमेरिका, क्यानडालगायतका विकसित मुलुक गएर उतै बस्ने प्रवृत्ति पनि डरलाग्दो देखिन्छ । एसइई, प्लसटू या ब्याचलर सक्काएकापछि अध्ययन भिसाको नाममा कन्सल्टेन्सी धाउनेको भीड बढेको छ । २०७१ सालभन्दा अगाडिसम्म केही हजारले लिँदै आएको 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) लिनेहरूको संख्या हाल बर्सेनि एक लाख पुग्ने गरेको छ । उच्च शिक्षाका लागि भनिए पनि यसरी जाने अधिकांश रोजगारी र सुरक्षित भविष्यकै लागि गएको बताउँछन् । स्वदेशमा केही गर्छु भन्नेहरूका लागि नीतिगत अप्ठ्याराहरू, सानो काम गर्न पनि पैसा र पावरको सहायता लिनुपर्ने, राजनीतिक अस्थिरता, भ्रष्टाचारलगायतका कारण युवाहरू विदेसिन बाध्य भएका छन् । बिहीवार भएको निर्वाचनबाट बन्ने नयाँ सरकारले यो अवस्थाको अन्त्य गर्नेमा धेरै मतदाता आशावादी देखिन्छन् ।

चुनावी मैदानमा अधिकांश नयाँ अनुहार हुँदा 'मतदातामा अबचाहिँ केही होला कि' भन्ने आशा जागेको देखिएको छ । प्रविधिको प्रयोगबाट दशौं लाख रोजगारी सिर्जना गर्ने, स्वदेशमै उद्यम गर्ने वातावरण सिर्जना गर्ने, श्रमको सम्मान गर्नेलगायत आकर्षक एजेण्डा बोकेकाहरूले सरकारमा पुगेपछि उक्त वाचा कत्ति पूरा गर्छन् त्यो भने हेर्न बाँकी छ ।

■■■

## हाम्रो भविष्यसँग...

देशभित्रै गुणस्तरीय शिक्षा र रोजगारीको अवसर सिर्जना भएमा अधिकांश युवा स्वदेशमा बस्ने छन् । अब बन्ने सरकारले यी विषयलाई प्राथमिकतामा राखोस् भन्ने आशा छ ।' मैतीदेवी घट्टेकुलो निवासी श्रेष्ठले यसअघिको निर्वाचनमा पनि मतदान गरिसकेकी छन् । तर यसपटकको अनुभवमा आफू बढी उत्साहित र आशावादी रहेको बताइन् । श्रेष्ठले यसपटक परिवारभित्रै पनि फरक-फरक राजनीतिक धारणा देखिएको उल्लेख गरिन् । 'हामीले लामो समयसम्म परिवारभित्रै दल र उम्मेदवारका एजेण्डाबारे छलफल गर्‍यौं । मैले मतदानमा स्वविवेक प्रयोग गरेको छु,' उनले भनिन् ।

पहिलोपटक निर्वाचनमा सहभागी भई मतदान गरेकी १९ वर्षीया सार्थक संग्रौलाले आफू मतदान गर्न पाउँदा उत्साहित हुनुका साथै आफूलाई थप जिम्मेवार बनाएको धारणा राखिन् । काठमाडौं निर्वाचन क्षेत्र नं १ को मध्यबानेश्वरस्थित रत्नराज्य माध्यमिक विद्यालयमा मतदान गरिसकेपछि अनुभव सुनाउँदै उनले भनिन्, 'पहिलोपटक भोट हाल्दा केही अप्ठ्यारो लागेको थियो, कसलाई भोट हाल्ने भन्ने अन्योल पनि थियो,' उनले भनिन्, 'मेरो मतको कदर हुन्छ, देशका लागि राम्रो हुन्छ भन्ने अपेक्षा छ ।' उनले बाबुआमासँग छलफल गरे पनि अन्तिम निर्णय भने आफ्नै विवेकबाट गरेको बताइन् ।

यस्तै, २६ वर्षीय मञ्जुल पराजुली पनि पहिलोपटक मतदान गर्दा निकै उत्साहित देखिए । 'अनुहारमा देखिन्छ होला, म एकदम उत्साहित छु,' उनले हाँस्दै भने । उनको अपेक्षा छ, अब देशमा राजनीतिक स्थिरता कायम हुन्छ । 'पछिल्ला राजनीतिक घटनाक्रमका घाउ अझै ताजा छन् । अब निर्वाचित नेतृत्वले पाठ सिकेर देशलाई स्थिरता दिनुपर्छ,' उनले भने ।

पराजुलीले युवापुस्ताका जायज माग पूरा हुनुपर्नेमा जोड दिए । सोही मतदान केन्द्रमा मतदान गरेकी २४ वर्षीया आकृति सापकोटाले पनि यसपटकको निर्वाचनप्रति आशावादी रहेको बताइन् । 'यसपटकका उम्मेदवार सक्षम देखिन्छन् । के सही र के गलत भन्ने अनुभव पनि सबैले गरिसकेका छन्,' उनले भनिन्, 'पहिले जे भयो त्यही फेरि नदोहोरियोस्, हाम्रो भविष्य राम्रो बनोस् भन्ने चाहना छ ।' उनको यो दोस्रो मतदानको अनुभव हो । पहिलोपटक मतदान गर्दा परिवारको सल्लाहमा निर्णय गरेको भए पनि यसपटक भने दलका एजेण्डा अध्ययन गरेर आफूले निर्णय गरेको उनको भनाइ छ । *रासस*

■■■

## मतदाताको...

कतिपय त फर्केर पनि आएनन् । 'अब त हामी डाँडापारिको घामजस्तै भइसक्यौं,' उनले भनिन्, 'हामीले दुःख पाए पनि हाम्रो नातिनातिना र छोराछोरीले दुःख नपाउन् भन्ने चाहना छ ।' उनकी नातिनी विदेशमा छिन् । रेग्मीलाई लाग्छ देशमै रोजगारीको राम्रो वातावरण भइदिए युवापुस्ता विदेश जान बाध्य हुने थिएनन् । 'देशमै काम पाइयो भने किन विदेश बस्नुपर्थ्यो र ?,' उनी प्रश्न गर्छिन् ।

डिल्लीबजारकै अर्का मतदाता गोकुल धितालले भने विगतलाई पूर्णरूपमा निराशाजनकरूपमा लिएका छैनन् । उनी देशमा केही काम भएको मान्छन्, तर जनताको अपेक्षाअनुसार पर्याप्त भने हुन सकेको छैन । 'धेरै पटक मतदान गरियो । विगतमा केही पनि भएन भन्न मिल्दैन,' उनी भन्छन्, 'तर हाम्रो अपेक्षा जति छ, त्यति काम भएन ।' उनको विचारमा अहिलेको प्रमुख आवश्यकता सुशासन र रोजगारी हो । नयाँ पुस्ता, विशेषगरी 'जेन-जी' को अपेक्षा सम्बोधन गर्नुपर्नेमा उनको जोड रहेको छ । 'युवाको विश्वास जित्न सकेमात्रै देशको भविष्य बलियो हुन्छ,' उनले भने । जेन-जी आन्दोलनपछि विशेष परिस्थितिमा प्रतिनिधिसभा सदस्यको निर्वाचन भएको हो ।

## बाकसमा जनमत














१) प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्नपश्चात् बिहीबार मतपेटिका रूकुम पश्चिमको त्रिवेणी गाउँपालिका-२ बिमैचा मतदान केन्द्रबाट मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला सदरमुकाम खलंगा लगिँदै ।
२) दाङ तुलसीपुरस्थित उच्च सरकारी वकिल कार्यालयमा रहेको निर्वाचन क्षेत्र नं ३ को मतगणनास्थलमा उक्त क्षेत्रका विभिन्न मतदान केन्द्रबाट ल्याइएका मतपेटिका बुझ्दै निर्वाचन अधिकृत चन्द्रबहादुर सिजाली ।
३) काठमाडौं वसन्तपुर मतदान केन्द्रबाट मतपेटिका मतगणनास्थलतर्फ लगिँदै ।
४) महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र ३ को जलेश्वर नगरपालिका-८ स्थित मतदान केन्द्रबाट मतगणनाका लागि मतपेटिका लैजाँदै सुरक्षाकर्मीलगायत ।
५) नेपाली सेनाको हेलिकप्टरमार्फत रूकुमकोट ल्याइएको रूकुम पूर्वको सिस्ने गाउँपालिका-१ पाखापानी मतदान केन्द्रको मतपेटिका ।
६) म्याग्दीको बेनीस्थित जिल्ला समन्वय समितिको सभाहलमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतदान केन्द्रबाट मतपेटिका लगिँदै ।

*तस्बिरहरू: रासस*

# देशले निकास पाउने मतदाताको विश्वास

**काठमाडौं–** 'यो चुनाव सफल हुनुपर्छ र देशले निकास पाउनुपर्छ,' काठमाडौंको अनामनगर निवासी वासुदेव गिरीले बिहीबार मतदानपछि भने । पञ्चायतकालदेखि काठमाडौंको निर्वाचनमा सहभागी भएको अनुभव सँगालेका उनलाई सुरुमा निर्वाचन होला वा नहोला भन्ने चिन्ता थियो ।

यही चिन्ताकाबीच बिहीबार बिहान ७:०० बजेदेखि देशभरका १६५ निर्वाचन क्षेत्रमा उत्साहपूर्वक मतदान भइरहेको सुनेपछि उनी पनि उत्साहित भए । काठमाडौं निर्वाचन क्षेत्र नं १ को साविक मिलन विद्या मन्दिर मतदान केन्द्रमा आफ्नी श्रीमतीसहित मतदान गरेपछि ज्येष्ठ नागरिक गिरीले भने, 'मुलुकमा शान्ति, अमनचयन, सुशासन र समृद्धि चाहिएको छ । यसका लागि सबै मतदाताले आफ्नो विवेक प्रयोग गरिरहेका छन् । यसले म पनि उत्साहित छु ।'

नेपाल घरेलु तथा साना उद्योग व्यवसायी महासंघका पूर्वअध्यक्ष गिरीले २०४३ सालमा भएको निर्वाचनमा काठमाडौंमा जम्मा दुई निर्वाचन क्षेत्र रहेको बेलादेखि यहाँबाट मतदान गर्दै आएका छन् । त्यसबेला राजनीतिक दलका तर्फबाट उम्मेदवार नभई स्वतन्त्र उम्मेदवार रहने गरेकामा त्यसबेला वीरेन्द्र श्रेष्ठ तथा पद्मरत्न तुलाधर विजयी भएको गिरीको सम्झनामै छ ।

'त्यसबेला र अहिलेको समयमा धेरै बदलाव आइसकेको छ । अहिले दश निर्वाचन क्षेत्र छन् । जनसंख्या पनि धेरै वृद्धि भएको छ । देश विकासको यात्रा अघि बढे पनि अस्थिरता बढेकामा भने चिन्ता लागिरहेको छ,' उनले भने ।

उनी यसपटकको निर्वाचनबाट पनि राजनीतिक स्थिरता कायम भई विकासले थप गति लिने आशामा छन् । 'अवकाशप्राप्त जीवनमा मेरो त अरु अपेक्षा छैन, देशले निकास पाओस्,' गिरीले भने ।

काठमाडौं निर्वाचन क्षेत्र नं १, अनामनगरस्थित काठमाडौं महानगरपालिका-२९ मतदान केन्द्रका मतदाता राजनीतिक विश्लेषक डा. सुरेन्द्र केसीले प्रचार गरिएजस्तो मतदानमा ठूलो भीडभाड नदेखिएको प्रतिक्रिया दिए । 'मुलुकमा बाध्यात्मक अवस्थामा निर्वाचन भएको छ । स्थिरता, सुशासन र रोजगारीको समस्या जर्जर छ । त्यसैका आधारमा जेन-जी विद्रोह पनि भयो, तर निर्वाचनले ती माग र आवाजलाई पूर्णरूपमा सम्बोधन हुनेगरी परिणाम दिन्छ कि दिन्न भन्ने अन्योल छ,' उनले भने । त्रिभुवन विश्वविद्यालयका पूर्वप्राध्यापक डा. केसीले नयाँ, पुराना दल र उम्मेदवार जे-जे भने पनि जितेर आउनेले इमानदार भएर जनताको पक्षमा काम गर्नुपर्नेमा जोड दिए ।

उक्त मतदान केन्द्रका मतदान अधिकृत रमेश भट्टराईले मतदाताले उत्सापूर्वक सहभागिता जनाएको बताए । *रासस*

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# विद्रोहको खरानीमा लोकतन्त्रको पुनर्जन्म

नेपालको राजनीतिक इतिहासमा भदौ २३ र २४ गतेको 'जेन-जी विद्रोह' एक यस्तो मोड थियो, जसले राज्यको अस्तित्व र लोकतान्त्रिक संस्थामाथि नै गम्भीर प्रश्न खडा गरिदिएको थियो। सडकमा व्याप्त हिंसा, आगजनी र नागरिकमा फैलिएको चरम अविश्वासकाबीच मुलुक एउटा अनिश्चित सुरुङभित्र भासिएको आभास हुन्थ्यो। यस्तो असहज र संकटपूर्ण घडीमा देशको बागडोर सम्हाल्न आइपुगेकी पहिलो महिला प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो काँधमा आएको ऐतिहासिक जिम्मेवारीलाई कुशलतापूर्वक पार लगाएकी छन् ।

प्रतिनिधिसभाको निर्वाचन तोकिएकै समयमा र मुख्य कुरा- पूर्णतः शान्तिपूर्ण वातावरणमा सम्पन्न हुनुलाई कार्की सरकारको सबैभन्दा ठूलो विजय मान्नुपर्छ । विगतका निर्वाचनहरूमा बुथ कब्जा, झडप र पुनः मतदान गर्नुपर्नेजस्ता घटना सामान्यजस्तै बनेका थिए। तर, यसपटकको निर्वाचनमा कतै पनि अप्रिय घटना नहुनु र एकैपटकमा मतदान प्रक्रिया टुंगिनुले नेपाली सुरक्षा संयन्त्र र प्रशासनिक दक्षताको नयाँ मानक स्थापित गरेको छ ।

निर्वाचनमा भएको ६० प्रतिशत मतदानले एउटा स्पष्ट सन्देश दिएको छ- जनता अझै पनि लोकतान्त्रिक प्रक्रिया र मतको शक्तिमा विश्वास गर्छन् । विद्रोहपछिको त्रास र ठूला राजनीतिक दलहरूको संशयका बाबजुद उत्साहजनक रूपमा नागरिकहरू मतदान केन्द्रसम्म पुग्नु प्रधानमन्त्री कार्कीले निर्माण गरेको सुरक्षा र निष्पक्षताको वातावरणको प्रतिफल हो ।

प्रधानमन्त्री कार्कीले जिम्मेवारी सम्हाल्दा उनलाई शंकाको दृष्टिले हेर्नेहरू धेरै थिए । विशेषगरी जेन-जी आन्दोलनबाटै सत्ता गुमाएको नेकपा एमाले र त्यसका अध्यक्ष केपी शर्मा ओलीलाई निर्वाचनको निष्पक्षतामा विश्वस्त तुल्याउनु उनका लागि फलामको चिउरा चपाउनुसरह थियो। तर, उनले कुनै पनि हालतमा निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्ने अठोटका साथ दलहरूलाई निर्वाचनमा सहभागी हुन बाध्य पारिन् । अर्को, 'एकीकृत निर्वाचन सुरक्षा योजना' मार्फत सुरक्षा निकायहरूबीच जुन समन्वय देखाइन्, त्यसले नै आजको यो सफलता सम्भव भएको हो ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई एउटै राष्ट्रिय भावनामा बाँधेर परिचालन गर्ने उनको क्षमता प्रशंसनीय छ । प्रधानमन्त्रीको अठोट र लगनशीलताले नै देशलाई पुनः कानुनी मार्ग र राजनीतिक स्थायित्वको दिशामा फर्काएको छ। संकटको समयमा नेतृत्व कस्तो हुनुपर्छ भन्ने उदाहरण सुशीला कार्कीले प्रस्तुत गरेकी छन् ।

प्रधानमन्त्री कार्कीले केवल एउटा प्राविधिक निर्वाचनमात्र गराएकी छैनन्, बरु भदौको त्यो भयावह विद्रोहले हल्लाएको राज्यको जगलाई पुनः थामेकी छन्। कुनै शक्तिशाली राजनीतिक दलको छहारीविना पनि एउटा दृढ इच्छाशक्ति भएको नेतृत्वले कसरी असम्भवलाई सम्भव बनाउन सक्छ भन्ने दृष्टान्त उनले पेस गरेकी छन्। संकटको घडीमा देशलाई सुरक्षित अवतरण गराएकोमा प्रधानमन्त्री कार्की र सुरक्षा संयन्त्र प्रशंसाका वास्तविक हकदार छन् ।

श्रम सरोकार

## निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# लोकतन्त्र र लोकतान्त्रिक निष्ठाले जितेको दिन



❑ धर्मेन्द्र झा

"भनिन्छ, बाटो चुके दिनको फेर हुन्छ तर मौका चुके युगको फेर । आज हामी गर्व र ढुक्कका साथ भन्न सक्छौं कि अब फेरि हामीले कठिन दिनको सामना गर्नुपर्ने छैन । किनभने हामीले संकटकाबीच पनि मौका चुकाएनौं । अवसर पनि गुमाएका छैनौं । अब हामीले न त सरकार गठन गर्न कुनै अवश्यकताको सिद्धान्तको साहारा लिनुपर्ने छ र न त लोकतन्त्रको सम्वर्द्धन र गणतन्त्रको संरक्षणका लागि कुनै बाधा अड्काउ नै फुकाउनुपर्ने बाध्यता छ ।

नेपालको राजनीति जब अनिश्चयको भुमरीमा फस्न खोज्छ र सडकमा आक्रोशको लहर चल्छ, तब धेरैलाई लाग्छ- अब प्रणाली नै पो ढल्ने हो कि ! मुलुकमा यस्तो क्षण पटक-पटक आएको छ ।

निकट विगत अर्थात् भदौ २३ र २४ गतेको त्यो 'जेन-जी विद्रोह' पछिको स्मरण गरौं त ! जनमानसको मन मनमा जुन सन्नाटा र संशय छाएको थियो । त्यसले नेपालको लोकतान्त्रिक भविष्यमाथि ठूलो प्रश्नचिह्न खडा गरिदिएको थियो । तर, आज सम्पन्न निर्वाचनले ती तमाम संशयलाई चिर्दै एउटा बलियो सन्देश दिएको छ कि नेपाली लोकतन्त्र संकटमा झन् सम्हालिन्छ र यसले निकास खोज्न जान्दछ ।

गत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन हुँदा धेरैलाई यो केवल 'आवश्यकताको सिद्धान्त'को एउटा कमजोर 'त्यान्द्रो' मात्र लागेको थियो। विद्रोहको राप, भौतिक संरचनाको क्षति र कानुनी राज्यविहीनताको त्यो तरल अवस्थामा छ महिनाभित्र निर्वाचन हुन्छ भन्नु केवल स्वैत कल्पनाजस्तो थियो ।

चरम अविश्वास थियो । घोर निराशा थियो । देशैभरि सन्नाटा छाएको थियो, मानौं ठूलै आँधीबेहरीपछिको सन्नाटा । त्यसभित्र शून्यता थियो । हुन पनि मुलुकमा जेन-जी पुस्ताको यस्तो अकल्पनीय विद्रोह भयो कि त्यो कुनै नियमित आकस्मिकता थिएन । सिंहदरबारदेखि मुलुकका महत्त्वपूर्ण भौतिक संरचनामा क्षति पुग्यो । दुई दिनको आन्दोलनबाट मानिसहरूका आशा र आस्थाका धरहरा एकाएक ढल्न थाले। अनुशासन भड्कियो। कानुनी राज्यविहीनताको अवस्था सिर्जना भयो ।

भदौ अन्तिम साताको मुलुकको परिस्थिति सम्झिनुस् त ! अवस्था यति तरल बन्न पुग्यो कि भोलि के हुन्छ भन्ने कुराको कुनै अनुमान गर्न सक्ने अवस्था थिएन। थरिथरीका अनुमानले नेपाली लोकतन्त्रको भविष्य अँध्यारो सुरुङभित्र छिर्दै गरेको भनेर टिप्पणी हुन्थे। यसले चुनाव सम्भव हुन्छ भन्ने कल्पनाको क्षितिज निकै दूर थियो । सुरुका दिनमा न राजनीतिक दल न त आमजनताले आजको दिन देख्न पाइएला भन्ने विश्वास गरेका थिए। यतिसम्म कि देश सम्पूर्णरूपमा चुनावमा होमिसकेको अवस्थामा पनि केही दिनअघिसम्म अनेकन शंका उपशंका व्यक्त भइरहेका थिए ।

भनिन्छ नि, आकाश ढाकेको कालो बादलभित्र पनि चाँदीको घेरा हुन्छ। हो, त्यही चाँदीको घेराभित्र भविष्य देख्यो, सम्माननीय सुशीला कार्की नेतृत्वको सरकारले। सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलको संवैधानिक जुक्ति भनेर कोरिदिएको निर्वाचन सम्पन्न गर्ने 'लक्ष्मण' रेखामा रहेर प्रधानमन्त्री कार्कीले निर्वाचनलाई आफ्नो अर्जुनदृष्टि बनाइन् । त्यसैले त आज असम्भवजस्तै लाग्ने निर्वाचन सम्भव भएको छ। जब राजनीतिक दलहरू नै निर्वाचनको निष्पक्षता र सुरक्षालाई लिएर द्विविधामा थिए, तब सरकारले निर्वाचनलाई लोकतन्त्र जोगाउने र संविधानलाई पुनः लिकमा ल्याउने एकमात्र संकल्प लियो ।

एकातिर सिंहदरबारमा आगो पुत्ताउँदै थियो, अर्कोतिर सरकारप्रति नै राजनीतिक दललगायत सरोकारवाला आश्वस्त भइसकेका थिएनन्। उनीहरू निर्वाचनको निष्पक्षता र सुरक्षामाथि प्रश्न उठाएर अनेक अड्कल गरिरहेका थिए, तर सरकार आफ्नो लक्ष्यबाट विचलित भएन । विस्तारै अविश्वासलाई विश्वासमा परिणत गर्न प्रयत्न गरिरह्यो । कार्की नेतृत्वको सरकारले कमजोर मनोबलमा रहेको भनिएको सुरक्षा निकाय, निर्वाचन आयोग र सरोकार भएकाहरूलाई विश्वासमा लिँदै अघि बढ्यो। लिकबाट झण्डै बाहिरिन खोजेको संविधानलाई पुनःबहाली गर्न, कानुनी राज्यलाई निरन्तरता दिन र विद्रोहमार्फत जेन-जी पुस्ताले खोजेको सुशासन स्थापना गर्न निर्वाचनबाहेकको अर्को विकल्प थिएन ।

प्रतिनिधिसभा विघटन भएको वा कार्यकाल सकिएको छ महिनाभित्र निर्वाचन गरिसक्नुपर्ने संवैधानिक व्यवस्था थियो । यो मर्म बुझेको व्यक्ति भएकाले पनि होला पूर्वप्रधानन्यायाधीश कार्की नेतृत्वको सरकारले त्यो दायित्वबाट विचलित नभई युगीन जिम्मेवारी पूरा गरेको छ। यसका लागि सरकार नेपाली जनताका लागि धन्यवादको पात्र छ । प्रधानमन्त्री कार्कीको अविचलित निष्ठा र साहसमा उहाँका सारथी गृहमन्त्री ओमप्रकाश अर्यालको सालीनता र धैर्यताले पनि आज यो रूप र स्वरूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न भएको हो भन्दा फरक नपर्ला ।

फेरि दोहोर्‍याउँछु, मतगणना सुरु हुँदै गर्दा बाकसभित्र कसको भाग्य कस्तो छ, भन्ने चासो स्वाभाविक हो, तर यो क्षणमा कुनै व्यक्ति वा दलको जितभन्दा पनि पद्धतिको जित ठूलो कुरा हो । यो जित प्रधानमन्त्री सुशीला कार्की र हामी नेपाली जनताको हो । प्रधानमन्त्री कार्की, जसको अदम्य साहसको जित हो ।

उनले जेन-जी समूहको धम्की र दबाबकाबीच पनि आफ्नो न्यायिक निष्ठा र कार्यकारी दृढता डगमगाउन दिइनन् । यसमा गृहमन्त्री अर्यालको सालीनता र निर्वाचन आयोगको अहोरात्र खटाई उत्तिकै प्रशंसनीय छ । जेन-जी विद्रोहले एउटा स्पष्ट संकेत दिएको थियो कि अबको पुस्ता पुरानो ढर्राको 'कञ्जरभेटिभ' अभ्यासबाट सन्तुष्ट छैन । त्यसैले यो निर्वाचनले अब नेपाललाई 'लिबरल डेमोक्रेसी' र वास्तविक सुशासनतर्फ डोर्‍याउने नयाँ ढोका खोलेको छ ।

भनिन्छ, बाटो चुके दिनको फेर हुन्छ तर मौका चुके युगको फेर । आज हामी गर्व र ढुक्कका साथ भन्न सक्छौं कि अब फेरि हामीले कठिन दिनको सामना गर्नुपर्ने छैन। किनभने हामीले संकटकाबीच पनि मौका चुकाएनौं । अवसर पनि गुमाएका छैनौं । अब हामीले न त सरकार गठन गर्न कुनै अवश्यकताको सिद्धान्तको साहारा लिनुपर्ने छ र न त लोकतन्त्रको सम्वर्द्धन र गणतन्त्रको संरक्षणका लागि कुनै बाधा अड्काउ नै फुकाउनुपर्ने बाध्यता छ ।

हामीले लोकतान्त्रिक शासन व्यवस्थाका लागि विश्वमा सर्वस्वीकृत विधि निर्वाचन बडो शान्तिपूर्ण र निष्पक्षरूपमा सम्पन्न गरेका छौं । र, यही विधिबाट अघि बढ्ने प्रण गरेका छौं । त्यसैले आजको दिन लोकतन्त्रले जितेको दिन हो र हिजोको संकट एवं अप्ठेरो परिस्थितिबाट अब सहज र प्रजातान्त्रिक मार्ग पहिल्याउन प्रण गरेको दिने हो । अब बाकसमा बन्द भएका मतपत्रहरू केवल उम्मेदवारका भविष्य होइनन्, ती त नेपालको सुदृढ लोकतन्त्रका नयाँ आधारशिला हुन् । यो निर्वाचन सम्पन्न भएसँगै मुलुक राष्ट्रिय एकताको बाटोमा फर्किएको छ र लोकतान्त्रिक संस्कारको जित भएको छ। प्रतिकूलताकाबीच पनि मुलुकलाई यो बिन्दुसम्म ल्याउने वर्तमान सरकार र दृढ संकल्पित नेतृत्व, यसमा सहयोग गर्ने सबै राजनीतिक दल साँच्चै नै धन्यवादका पात्र छन् । *रासस*

# नेपालको आँखा स्वास्थ्यमा महिलाको पहुँच



❑ सविता केसी

नेपालको आँखा स्वास्थ्य क्षेत्रमा पनि महिलाहरूले चिकित्सक, नर्स, नेत्र सहायक, स्वास्थ्य स्वयंसेविका, व्यवस्थापक तथा नेतृत्वदायी भूमिकामा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका छन् । दुर्गम गाउँदेखि सुविधासम्पन्न सहरसम्म, आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार, अन्धोपन न्यूनीकरण र समुदायमा सचेतना अभिवृद्धि गर्न महिलाहरू अग्रपंक्तिमा सक्रिय देखिन्छन् ।

तर, सेवाप्रदायकको रूपमामात्र होइन, सेवाग्राहीको रूपमा पनि महिलाहरू विशेष ध्यानको पात्र छन् । सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणले महिलाहरू समयमै उपचारबाट वञ्चित हुने जोखिममा रहन्छन् । यस सन्दर्भमा लैंगिक समावेशी नीति, महिलामैत्री सेवा वातावरण र नेतृत्व तहमा महिलाको सशक्त उपस्थिति अत्यन्त आवश्यक छ। अन्तर्राष्ट्रिय महिला दिवसको अवसरले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा महिलाको योगदानलाई सम्मान गर्दै समान पहुँच र अवसर सुनिश्चित गर्ने प्रतिबद्धता पुनःस्मरण गराउने सन्देश दिन्छ ।

नेपालमा अन्धोपन न्यूनीकरण र गुणस्तरीय आँखा स्वास्थ्य सेवा विस्तारमा नेपाल नेत्रज्योति संघको भूमिका ऐतिहासिक र अग्रणी रहँदै आएको छ। संघले सञ्चालन गर्दै आएका आँखा अस्पताल, उपचार केन्द्र, समुदाय-आधारित कार्यक्रम तथा जनचेतनामूलक अभियानहरूमा महिलाहरूको सहभागिता उल्लेखनीय छ । चिकित्सक, विभिन्न स्वास्थ्यकर्मी, नेत्र सहायकदेखि व्यवस्थापन तहसम्म महिलाहरूले नेतृत्वदायी जिम्मेवारी सम्हाल्दै संस्थालाई दिगो र परिणाममुखी दिशामा अघि बढाइरहेका छन् । यसले संस्थागत विकाससँगै महिला सशक्तीकरणको सन्देश पनि सुदृढ बनाएको छ ।

त्यसैगरी, संघले समुदायमा महिला स्वयंसेविका र स्थानीय आमा समूहहरूसँग सहकार्य गर्दै आँखा परीक्षण शिविर, विद्यालय आँखा स्वास्थ्य कार्यक्रम तथा महिलाकेन्द्रित सचेतना अभियान सञ्चालन गर्दै आएको छ। ग्रामीण तथा विपन्न वर्गका महिलालाई समयमै पहिचान र उपचारमा जोड्दै सेवा पहुँच बढाउने प्रयास संघको प्राथमिकतामा रहेको छ । अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा, नेपाल नेत्रज्योति संघले आँखा स्वास्थ्य क्षेत्रमा महिलाको नेतृत्व, सहभागिता र समान अवसरलाई थप सुदृढ बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमलाई अगाडि बढाएको छ ।

नेपालमा विगत केही दशकमा अन्धोपनको दर उल्लेखनीयरूपमा घट्नुमा सरकारी तथा गैरसरकारी क्षेत्रको संयुक्त प्रयास महत्त्वपूर्ण रहेको छ। सन् १९८१ मा ०.८४ प्रतिशत रहेको नेपालको अन्धोपनको समस्या सन् २०२१ सम्ममा घटेर ०.२८ प्रतिशतमा झरेको छ । विशेषगरी समुदायमा आधारित आँखा स्वास्थ्य कार्यक्रम, समयमै मोतियाबिन्दु शल्यक्रिया, विद्यालय आँखा परीक्षण तथा जनचेतना अभिवृद्धिका कारण अन्धोपन न्यूनीकरणमा सकारात्मक प्रगति भएको छ । यस अभियानमा महिलाहरूको सक्रिय सहभागिता (चाहे सेवा प्रदायकका रूपमा होस् वा समुदायमा सचेतना फैलाउने अगुवाका रूपमा) निर्णायक रहँदै आएको छ ।

यस अभियानको नेतृत्वदायी संस्थाका रूपमा नेपाल नेत्रज्योति संघले देशभर आफ्ना आँखा अस्पताल र उपचार केन्द्रमार्फत लाखौं नागरिकलाई सेवा प्रदान गर्दै अन्धोपन घटाउने राष्ट्रिय लक्ष्यलाई साकार बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । नेपाल नेत्रज्योति संघ विगत ४८ वर्षदेखि अन्धोपन निवारणमा आँखा स्वास्थ्य सेवाको माध्यमबाट विद्यमान अन्धोपनको समस्यालाई न्यूनीकरण गर्ने अभियानमा क्रियाशील एक मुनाफारहित, गैरसरकारी विशुद्ध सामाजिक संस्था हो ।

२०३५ चैत १३ गतेका दिन समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित समाजसेवीहरूको सामूहिक प्रयासबाट स्थापना भएको यस संघले नेपाली जनतामा सुलभ, सस्तो र गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । नेपाल सरकारबाट आँखा उपचार सेवा देशका सबै जनताको घरदैलोमा पुर्‍याउने दायित्व र निर्देशन प्राप्त भएअनुरूप नेपालको सबै क्षेत्रहरूलाई समेट्नेगरी २८ आँखा अस्पताल, २२६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखाका साथै हजारौं समाजसेवीहरू र करिब तीन हजार कर्मचारीमार्फत नेपाल सरकार स्वास्थ्य मन्त्रालयसँगको महत्त्वपूर्ण सहकार्य, निर्देशन तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय जनसमुदाय एवं निष्ठावान कर्मचारीहरूको उल्लेख्य साथ र सहयोगमा आँखा स्वास्थ्य सेवालाई हिमाली क्षेत्रका विकट गाउँदेखि तराईका समथर भूमि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सर्वसाधारणलाई सहज, सर्वसुलभ र गुणस्तरीय उपचार सेवा पुर्‍याउने कार्यमा नेत्रज्योति संघले अग्रणी भूमिका खेल्दै आएको छ र नेपालभर आँखासम्बन्धी स्वास्थ्य सेवा विस्तार हुँदै गए पनि महिला तथा पुरुषबीच सेवा पहुँचमा अझै पनि स्पष्ट असमानता देखिन्छ ।

यस विशाल सञ्जालभित्र हाल करिब ५३ प्रतिशत पुरुष र ४७ प्रतिशत महिला कर्मचारी कार्यरत छन् । यसमा नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अपुग देखिन्छ जुन संख्या बढाउन आवश्यक छ। विशेषगरी दुर्गम तथा सीमान्तकृत समुदायमा महिला तथा बालबालिकालाई प्राथमिकतामा राख्दै सेवा विस्तार गर्नु संघको प्रमुख रणनीति रहेको छ । अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा, अन्धोपन न्यूनीकरणमा महिलाको योगदानलाई सम्मान गर्दै आगामी दिनमा अझ समावेशी र दिगो आँखा स्वास्थ्य सेवा प्रवाह गर्ने प्रतिबद्धता अझ सशक्त बन्दै गएको छ । साथै, नेपालमा महिलामा आँखासम्बन्धी समस्या पुरुषको तुलनामा बढी रहेको हुँदा सो हुनुमा निम्न कारणहरू देखिएका छन् भने सोको न्यूनीकरणका लागि निम्न प्रयास गर्नुपर्ने देखिन्छ ।

### नेपालका महिलामा आँखासम्बन्धी समस्या

नेपालमा आँखासम्बन्धी बिरामीहरूको तथ्यांक हेर्दा महिलाहरू पुरुषको तुलनामा बढी प्रभावित रहेको पाइन्छ । सन् २०२१ मा सम्पन्न गरिएको (आरएएबी) सर्वेक्षणले पुरुषको तुलनामा महिलामा अन्धोपनको दर उच्च रहेको देखाएको छ । ५० वर्षभन्दा माथिका महिलामा अन्धोपनको दर करिब १.३ प्रतिशत रहेको छ भने पुरुषमा यो दर करिब ०.९ प्रतिशतमात्र रहेको देखिएको छ ।

आँखा स्वास्थ्यसम्बन्धी सेवाको पहुँच बारेको अध्ययनहरूले असमानता स्पष्टरूपमा देखाएको छ र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरू, विशेषगरी विश्व स्वास्थ्य संगठन, अन्धोपन रोकथामका लागि अन्तर्राष्ट्रिय एजेन्सीको विश्लेषणअनुसार अन्धोपना तथा दृष्टिदोषको भार महिलामा पुरुषको तुलनामा बढी पाइन्छ ।

तर, विडम्बनापूर्वक आँखा स्वास्थ्यसम्बन्धी सेवाको उपयोग दर भने महिलामा कम देखिन्छ । उपलव्ध तथ्यंकअनुसार करिब ८० प्रतिमहिलाले मात्र आवश्यक आँखा सेवा लिएको पाइन्छ भने पुरुषमा यो दर करिब ८४५ प्रतिशत रहेको देखिन्छ ।

यसले आँखाको स्वास्थ्य सेवामा पहुँच, समयमै उपचार र सामाजिक-आर्थिक कारणले महिलाहरू अझै जोखिममा रहेको संकेत गर्दछ । नेपालमा अन्धोपनको प्रमुख कारण अझै पनि मोतियाबिन्दु नै रहेको छ, जुन समयमै शल्यक्रिया गरे पूर्णरूपमा उपचार सम्भव हुने रोग हो । यसका पछाडि विभिन्न सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणहरू जिम्मेवार रहेका छन् ।

### महिलाले आँखाको सेवा कम पाउनुका प्रमुख कारणहरूः

- सामाजिक तथा पारिवारिक जिम्मेवारी (महिलाहरू घरायसी काम, बालबालिका हेरचाह तथा परिवार व्यवस्थापनमा बढी व्यस्त हुने भएकाले आफ्नै स्वास्थ्यलाई प्राथमिकता दिन नसक्नु ।
- निर्णय गर्ने अधिकारको कमी- धेरै ठाउँमा महिलाले स्वास्थ्य सेवा लिन परिवारको अनुमति आवश्यक पर्ने अवस्था अझै कायम रहनु ।
- आर्थिक निर्भरता स्वतन्त्र आम्दानी नहुँदा उपचार खर्च व्यवस्थापन गर्न कठिन हुनु ।
- भौगोलिक पहुँचको समस्या- दुर्गम क्षेत्रमा बसोबास गर्ने महिलाका लागि आवश्यक स्थान पुग्न यातायात र सुरक्षाको चुनौती देखिनु ।
- लैंगिक संवेदनशील सेवाको अभाव- कतिपय अवस्थामा महिला स्वास्थ्यकर्मीको अभाव वा सुरक्षित वातावरण नहुँदा महिलाहरू सेवा लिन हिच्किचाउनु ।
- सचेतनाको अभाव- आँखाको रोग समयमै उपचार नगरे दृष्टि गुम्न सक्ने भन्ने कुराको जानकारी धेरै महिलासम्म पुग्न सकेको छैन ।

### महिलाले आँखाको स्वास्थ्य सुधार गर्न निम्न प्रयास आवश्यक देखिन्छ

- नेतृत्व तहमा महिलाको सहभागिता वृद्धि
- समुदायस्तरमा लक्षित सचेतना कार्यक्रम
- महिलामैत्री स्वास्थ्य सेवा वातावरण
- आर्थिक तथा पहुँच सहजीकरण
- महिला स्वास्थ्य स्वयंसेविका तथा स्थानीय नेतृत्वको सक्रियता
- समुदायको समग्र विकासमा महिलाको भूमिका

महिलाको आँखाको स्वास्थ्य सुधार गर्नु भनेको केवल व्यक्तिगत स्वास्थ्य सुधारमात्र होइन यसले परिवारको आर्थिक अवस्था, बालबालिकाको शिक्षा र समुदायको समग्र विकाससँग प्रत्यक्ष सम्बन्ध राख्दछ जब घरकी महिलाले स्पष्ट देख्न सक्छिन् तब परिवारको समृद्धि र उज्ज्वल भविष्य निर्माणमा थप योगदान दिन सक्छिन् भन्ने कुरा सर्वविदितै छ ।

नेपालमा अन्धोपन न्यूनीकरणतर्फ उल्लेखनीय प्रगति भए पनि लैंगिक असमानता पूर्णरूपमा अन्त्य भएको छैन भन्ने तथ्य स्पष्ट छ । महिलाहरूलाई लक्षित, पहुँचयोग्य र लैंगिक संवेदनशील आँखा स्वास्थ्य सेवा विस्तार गर्नु आजको अपरिहार्य आवश्यकता हो। अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा आँखाको स्वास्थ्य अधिकार पनि आधारभूत मानवअधिकारकै हिस्सा हो भन्ने सन्देश सशक्तरूपमा स्थापित गर्न आवश्यक छ । महिला सशक्तीकरणसँगै स्वास्थ्यमा समान पहुँच सुनिश्चित गर्न सकेमात्र 'दृष्टियुक्त नेपाल' निर्माणको लक्ष्य सार्थक हुने छ । *रासस*

# प्रतिनिधिसभा निर्वाचनमा उत्साहपूर्ण मतदान

■ प्रभाव डेस्क

**काठमाडौं–** बिहीबार प्रतिनिधिसभा सदस्य चयनका लागि भएको निर्वाचन देशभर शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । देशभरका मतदाताहरू उत्साहपूर्वक मतदानमा सहभागी भए । निर्वाचन आयोगले कूल मतदातामध्ये ६० प्रतिशतले मतदान गरेको जानकारी दिएको छ ।

### झापा कारागारमा सतप्रतिशत मत खस्यो

प्रतिनिधिसभा निर्वाचनअन्तर्गत जिल्ला कारागार झापामा रहेको अस्थायी मतदान केन्द्रमा सतप्रतिशत मत खसेको छ । कार्यालय प्रमुख रेवन्त भट्टराईका अनुसार १०१ पुरुष, ६ महिलासहित १०७ जना कैदीबन्दीले मतदान गरेका छन् । मतदाता नामावलीमा १०७ जना कैदीबन्दीको नाम रहेको थियो । सोहीअनुसार नै मत खसेको उनले बताए ।

### तनहुँमा १०७ वर्षीय ज्येष्ठ नागरिकद्वारा मतदान

तनहुँको शुक्लागण्डकी नगरपालिका-३ बन्केवा निवासी १०७ वर्षीय गणेशबहादुर रावतले मतदान गरेका छन् । तनहुँ क्षेत्र नम्बर २ अन्तर्गत निर्मल आधारभूत प्राथमिक विद्यालय, बन्केवा मतदान केन्द्रबाट रावतले मतदान गरेका हुन् । मतदानपछि उनले आफ्नो मताधिकार प्रयोग गर्न पाउँदा खुसी लागेको प्रतिक्रिया दिए ।

### मेचीनगरमा १०४ वर्षीया वृद्धाले गरिन् मतदान

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत झापाको मेचीनगर नगरपालिका-१० स्थित धुलाबारी माध्यमिक विद्यालयको मतदान केन्द्रबाट १०४ वर्षीया वृद्धाले मतदान गरेकी छन् । झापा १ को सोही मतदान गर्नेमा स्थानीय तुलसा कोइरालाले मतदान गरेकी हुन् । उन छोरा र नातिको सहयोगमा मतदान गर्न आएकी थिइन् ।

### तनहुँमा बुबाको दाहसंस्कार गरेपछि मतदान

तनहुँको व्यास नगरपालिका-१ मोहोरियाटारका किरियापुत्री बसेका ५८ वर्षीय सुब्बा पन्थले मतदान गरेका छन् । पन्थले व्यास नगरपालिका-१ भादगाउँस्थित जलदेवी माध्यमिक विद्यालय 'ङ' मतदान केन्द्रबाट मतदान गरेका हुन् । उनले आफ्ना ८३ वर्षीय बुबाको बिहीबार निधन भएको र दाहसंस्कारपश्चात् मतदानमा सहभागी भएको बताए ।

'देशमा सुशासन कायम गर्न र वर्तमान अवस्था परिवर्तनका लागि भएको निर्वाचनमा मेरो एक मतले देश बनाउन सहयोग पुग्छ भनेर मतदानमा सहभागी भएको हुँ । मेरो मत सदुपयोग हुने छ भन्ने विश्वास लिएको छु,' उनले भने । एक भाइ रामकृष्ण वैदेशिक रोजगारीको सिलसिलामा मुलुक बाहिर छन् । दुई भाइ कृष्ण र ऋषिराम जिल्लाबाहिर रहेका उनले बताए ।

### बाँकेमा किरियापुत्रीद्वारा मतदान

नेपालगञ्ज उपमहानगरपालिका-७ स्थित महेन्द्र माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा किरियापुत्रीले मतदान गरेका छन् । नेपालगञ्ज-७ निवासी दिवंगत ८४ वर्षीय कमल राणाका छोरा सुनिलनरसिंह राणासहित मातृशोकमा रहेका परिवारका सदस्यहरूले उक्त मतदान केन्द्रमा मतदान गरेका हुन् ।

यसैगरी नेपालगञ्ज-६ निवासी दिवंगत ९६ वर्षीया रामप्यारी कुर्मीका छोरा माधवराम बर्मासहित मातृशोकमा रहेका उनका परिवारका सदस्यहरूले नेपालगञ्ज-७ स्थित हडियाबाबा मठ केन्द्रमा मतदान गरेको उक्त केन्द्र (ख)का सहायक मतदान अधिकृत अल्का मिश्रले जानकारी दिए ।

### मुगुमा पनि किरियापुत्रीले गरे मतदान

मुगुको छायानाथ रारा नगरपालिका-१ स्थित मीन माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा किरियापुत्रीले पनि मतदान गरेका छन् । छायानाथ रारा नगरपालिका-१ निवासी दिवंगत ९३ वर्षीया रूपा मल्लका छोराहरू ललिजङ, राजन र विनोद मल्लले उक्त मतदान केन्द्रमा मतदान गरेका हुन् । त्यसैगरी, सोही वडाकी अर्की दिवंगत ९१ वर्षीया हाँसादेवी मल्लका छोरा गोविन्द र भूपेन्द्र मल्लले पनि सोही मतदान केन्द्रमा मतदान गरेका छन् ।

## रूकुमपूर्वका तीन मतदान केन्द्रको मतपेटिका हेलिकप्टरमार्फत ल्याइयो, मतगणना आज हुने

रुकुमपूर्व- रुकुमपूर्वका तीनवटा मतदान केन्द्रको मतपेटिका नेपाली सेनाको हेलिकप्टरमार्फत निर्वाचन अधिकृतको कार्यालयमा ल्याइएको छ । सडक सञ्जालको पहुँचमा नरहेका र हिँडेर एक दिन लाग्ने यी तीन ठाउँका मतपेटिका हेलिकप्टरमार्फत सदरमुकाम रुकुमकोट ल्याइएको हो ।

सिस्ने गाउँपालिका-१ पाखापानी मतदान केन्द्र, पुथा उत्तरगंगा गाउँपालिका-२ पेल्माको हिमाल आवि पेल्मा मतदान केन्द्र र सोही वडाको हार्दिबाङ मतदान केन्द्रको मतपेटिका हेलिकप्टरमार्फत जिल्ला सदरमुकाम ल्याइएको हो ।

मध्यरातिसम्म सबै ठाउँको मतपेटिका संकलन भइसक्ने सहायक निर्वाचन अधिकृत एवं सूचना अधिकारी ईश्वरीप्रसाद सुवेदीले जानकारी दिए । उनका अनुसार आज शुक्रबार बिहान सर्वदलीय बैठक बसेर मत गणना सुरु गरिने छ । ५६ मतदान केन्द्र रहेको रुकुमपूर्वमा ३४ हजार ७७२ मतदाता थिए ।

रुकुमपूर्वमा नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालसहित ११ उम्मेदवार प्रतिस्पर्धामा छन् । *रासस*

## मतदानमा देखिएको उत्साह...




























१) प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बिहीबार महोत्तरीको औरही नगरपालिका-१ स्थित श्री जनता आधारभूत विद्यालय औरही मतदान केन्द्रमा मतदान गर्न लामबद्ध युवा मतदाता ।

२) प्रतिनिधिसभा सदस्य निर्वाचनमा बिहीबार तनहुँको व्यास नगरपालिका-११ बेल्टारीस्थित तनहुँ आधारभूत विद्यालय मतदान केन्द्रमा मतदान गर्दै किरियापुत्री तिलकबहादुर खड्का ।

३) प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन बिहीबार मतदानमा सहभागी हुँदै कारागार कार्यालय चितवनका कैदीबन्दी ।

४) कैलालीको धनगढी उपमहानगरपालिका-२ स्थित शारदा माध्यामिक विद्यालय मतदान केन्द्रमा मतदान गर्न लामबद्ध मतदाता ।

५) कास्कीको मादी गाउँपालिका-२ स्थित हिमालयन मिलन माविमा रहेको मतदान केन्द्रमा मतदान गर्न लगिँदै ९७ वर्षीय पर्सा गुरूङ र उनकी ८० वर्षीया पत्नी देबु गुरूङ ।

६) कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१ स्थित कृष्ण आधारभूत विद्यालय मतदान केन्द्रमा मतदान गरी घर फर्किंदै स्थानीय १०५ वर्षीया वृद्धा विष्णुमति जोशी ।

७) प्रतिनिधिसभाको निर्वाचनको दिन बिहीबार भक्तपुर क्षेत्र नं १ अन्तर्गत विद्यार्थी निकेतन मावि मतदान केन्द्रमा मतदान गर्न ह्विलचेयरमा पुगेका एक ज्येष्ठ नागरिक ।

८) सुनसरीको निर्वाचन क्षेत्र नं ४ अन्तर्गत इनरूवा नगरपालिका-८ स्थित गणेश आधारभूत विद्यालय मतदान केन्द्रमा मतदान गर्न लामबद्ध महिला मतदाता ।

९) मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फा गाउँस्थित श्री जनबाल माध्यमिक विद्यालय मतदान केन्द्रमा मतदान गर्दै मतदाता ।

*तस्बिरहरूः रासस*

प्रभाव दैनिक




## 'टक्सिक'को रिलिज सऱ्यो

'टक्सिकः अ फेयरीटेल फर ग्रोन–अप्स' को प्रदर्शन मिति परिवर्तन भएको छ । १९ मार्च २०२६ (चैत ५) मा प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म मध्यपूर्वमा देखिएका तनावका कारण रिलिज मिति सार्दै ४ जुन २०२६ (जेठ २१) देखि विश्वभर एकसाथ प्रदर्शन हुनेछ जनाइएको छ । निर्माता तथा अभिनेताले बुधबार अमेरिका र इजरायलको इरानमा संयुक्त हमलापछि मध्यपूर्वमा चलिरहेको द्वन्द्वका कारण प्रदर्शन मिति परिवर्तन गर्नु परेको एक विज्ञप्ति मार्फत जनाएको छ । फिल्म गीतु मोहनदासले निर्देशन गरेका हुन् । फिल्ममा यशसँगै नयनतारा, कियारा आडवाणी, हुमा कुरेशी, रूक्मिणी वसन्त र तारा सुतारिया पनि मुख्य भूमिकामा छन् ।





# कलाकारको मतदान




























प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको छ । बिहीबार बिहान ७ बजेदेखि सुरू भएको साँझ ५ बजेसम्म मतदानको समय तोकिएको थियो । मतदानमा आम नेपाली नागरिकहरु सहभागी भएका थिए । मतदान गरिसकेपछि केही कलाकारहरूले सामाजिक सञ्जालमा तस्बिर सार्वजनिक गरेका छन् । यहाँ केही कलाकारहरूले मत दिएपछि बाँडेको खुसी ।
(१) वर्षा राउत (२) स्वस्तिमा खड्का (३) नीति शाह (४) अस्मिता डल्लाकोटी (५) रचना रिमाल (६) पशुपति शर्मा (७) प्रियंका कार्की र आयुष्मान सिं देशराज (८) प्रकाश सपुत (९) आमासँग केकी अधिकारी ।



**टी-२० विश्वकप**

# एलेनको कीर्तिमानसँगै न्यूजिल्याण्ड फाइनलमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण अफ्रिकामाथि ९ विकेटको सानदार जित हासिल गर्दै आइसिसी ट्वान्टी-२० विश्वकप २०२६ को फाइनलमा प्रवेश गरेको छ । बुधबार कोलकतास्थित इडन गार्डेनमा दक्षिण अफ्रिकाले दिएको १७० रनको प्रतिस्पर्धात्मक लक्ष्य न्युजिल्यान्डले १२.५ ओभरमा एक विकेट गुमाउँदै पूरा गऱ्यो ।

न्युजिल्यान्डको जितमा ओपनर फिन एलेनले ऐतिहासिक इनिङ्स खेले । फिनले विश्वकप इतिहासकै सबैभन्दा छिटो शतक बनाउने खेलाडीमा आफ्नो नाम लेखाए । ३३ बलमा उनले १० चौका र ८ छक्कासहित १०० रन बनाए । त्यस्तै अर्का ओपनर टिम सेइफर्टले ५८ रनको पारी खेले । तेस्रो नम्बरमा आएका रचीन रवीन्द्रले १३ रनको योगदान गरे ।

दक्षिण अफ्रिकाका लागि एक मात्र विकेट कगिसो रबाडाले लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको दक्षिण अफ्रिकाले २० ओभरको समाप्तिमा ८ विकेट गुमाउँदै १६९ रनको योगफल खडा गरेको थियो ।

दक्षिण अफ्रिकाका लागि मध्यक्रमका ब्याटर मार्को जेनसेनले अर्धशतकीय पारी खेले । उनी ३० बलमा दुई चौका र पाँच छक्कासहित ५५ रनमा अविजित रहे । त्यस्तै चौथो नम्बरका डिवाल्ड ब्रेभिसले ३४ र छैटौं नम्बरमा आएका ट्रिस्टन स्टब्सले २९ रनको योगदान गरे । यसबाहेक ओपनर तथा कप्तान ऐडेन मारक्रमले १८ र विकेटकिपर ब्याटर क्विन्टन डिककले १० रन बनाए ।

न्युजिल्यान्डका लागि म्याट ह्यारी, कोल म्याककोन्ची र रचिन रवीन्द्रले समान दुई विकेट लिए । एक विकेट लोकी फर्ग्युसन र जिमी निसमको नाममा पनि रह्यो ।

विश्वकपले १०औं संस्करण पार गर्नै लाग्दा न्युजिल्यान्डले दोस्रो पटक फाइनल खेल्नेछ । यसअघि न्युजिल्यान्डले सन् २०२१ मा संयुक्त अरब इमिरेट्स (युएई)मा सम्पन्न सातौं संस्करणमा फाइनलमा स्थान बनाएको थियो । त्यतिबेला फाइनलमा न्युजिल्यान्डले अस्ट्रेलियासँग पराजय बेहोरेको थियो । अब न्युजिल्यान्डले आइतबार हुने फाइनलमा इङ्ल्यान्ड र भारतबीचको विजेतासँग खेल्नेछ ।

# पेट्रोको ह्याट्रिकमा चेल्सीको जित

**एजेन्सी–** चेल्सीले उत्कृष्ट पुनरागमन गर्दै एस्टन भिल्लालाई ४-१ गोलले हराएको छ । यो जितमा ब्राजिली फरवार्ड जोआओ पेद्रोले ह्याट्रिक गरेका थिए । भिल्ला पार्कमा भएको खेलमा चेल्सी सुरुमै पछि परेको थियो । खेलको दोस्रो मिनेटमा लियोन बेलीको क्रसलाई ओली वाट्किन्सले छाडेपछि डग्लास लुइजले गोल गर्दै एस्टन भिल्लालाई अग्रता दिलाए ।

त्यसपछि चेल्सीले राम्रो पुनरागमन गऱ्यो । जोआओ पेद्रो र कोल पाल्मरका प्रहारलाई गोलकिपर एमिलियानो मार्टिनेजले रोकेका थिए । तर ३५औं मिनेटमा मालो गुस्टोको पासमा पेद्रोले गोल गर्दै खेल १-१ बनाए । पहिलो हाफको इन्जुरी समयमा एन्जो फर्नान्डेजको पासमा पेद्रोले गोल गर्दै चेल्सीलाई २-१ को अग्रता दिलाए ।

५५औं मिनेटमा कोल पाल्मरले गोल गर्दै चेल्सीको अग्रता ३-१ बनाए । रिस जेम्सको क्रसमा मार्टिनेजले क्लियर गरेको बल पेद्रो हुँदै पाल्मरसम्म पुगेको थियो ।

६४औं मिनेटमा एलेजान्द्रो गार्नाचोको पासमा जोआओ पेद्रोले गोल गर्दै आफ्नो ह्याट्रिक पूरा गरे र चेल्सीलाई ४-१ को सहज जित दिलाए । यो जितसँगै चेल्सीले लगातार तीन खेलको जितविहीन यात्रा पनि अन्त्य गरेको छ ।

### आर्सनल शीर्ष स्थानमा अझै बलियो

आर्सनलले कठिन खेलमा ब्राइटनलाई १-० ले हराउँदै प्रिमियर लिगको शीर्ष स्थानमा आफ्नो अग्रतालाई ७ अंक पुऱ्याएको छ ।

खेलभर ब्राइटनले राम्रो खेल देखाए पनि बुकायो साकाले सुरुवातमा गरेको गोल नै आर्सनलको जितका लागि पर्याप्त बन्यो । त्यही दिन म्यानचेस्टर सिटी भने नटिङ्घम फरेस्टसँग २-२ को बराबरीमा रोकिएको थियो । खेलको सुरुमै आर्सनल संकटमा पर्न सक्थ्यो । गोलकिपर डेभिड राय्याको क्लियर बल सिधै कार्लोस बालेबासम्म पुगेको थियो । तर उनको चिप प्रहार कमजोर भएपछि गाब्रिएलले लाइनबाट बल क्लियर गर्दै टोलीलाई बचाए ।

नवौं मिनेटमा आर्सनलले अग्रता लियो । साकाको प्रहार बालेबामा लागेर डिफ्लेक्ट हुँदा बल गोलकिपर बार्ट फेर्ब्रुगेनको खुट्टामुनिबाट गोलमा परिणत भयो ।

त्यसपछि ब्राइटनले लगातार दबाब बनायो । फाबियन हुर्जेलरको टोलीले बराबरी गोलका लागि धेरै प्रयास गऱ्यो । जर्जिनियो रुट्टरको प्रहारलाई राय्याले बचाए ।

ब्राइटनसँग अर्को ठूलो अवसर पनि आयो, तर माट्स विएफरको नजिकबाट गरेको हेडर सिधै गोलकिपर राय्यातिर गयो ।

अन्त्यतिर ब्राइटनको दबाब कम भएपछि आर्सनलले खेल सम्हाल्दै महत्वपूर्ण जित निकाल्न सफल भयो । यो जितसँगै आर्सनल उपाधि दौडमा अझ बलियो बनेको छ ।

### म्यानचेस्टर सिटी बराबरीमा रोकियो

उपाधि दौडमा रहेको म्यानचेस्टर सिटी घरेलु मैदानमा नटिङ्घम फरेस्टसँग २-२ को बराबरीमा रोकिएको छ । यो नतिजापछि प्रिमियर लिगको शीर्ष स्थानमा रहेको आर्सनलसँग सिटीको दूरी ७ अंक पुगेको छ ।

बुधबार भएको खेलमा आर्सनलले ब्राइटनलाई हराउँदा सिटी भने एत्तिहाद स्टेडियममा अंक बाँड्न बाध्य भयो । खेलको अन्त्यतिर एलियट एन्डरसनले गोल गर्दै फरेस्टलाई महत्वपूर्ण १ अंक दिलाए ।

खेलको सुरुवातमा म्यानचेस्टर सिटीले बल नियन्त्रणमा राख्दै दबाब बनायो । त्यसक्रममा एन्टोइन सेमेन्योले साइड नेटमा प्रहार गर्दै खतरा सिर्जना गरे ।

३१औं मिनेटमा सिटीले अग्रता लियो । रायन चेर्कीले दिएको क्रसमा सेमेन्योले भली प्रहार गर्दै गोल गरे । सिटीमा अनुबन्ध भएपछि यो उनको सातौं गोल थियो ।

त्यसपछि नटिङ्घम फरेस्टले काउन्टर आक्रमणबाट केही अवसर बनायो । मोर्गन गिब्स ह्वाइटको प्रहारलाई गोलकिपर जियानलुइजी डोनारुम्माले रोके । उनले इगोर जेससको अर्को प्रहार पनि बचाए ।

५६औं मिनेटमा फरेस्टले बराबरी गोल फर्कायो । इगोर जेससको पासमा कप्तान गिब्स ह्वाइटले ब्याकहिल गोल गर्दै खेल १-१ बनाए । त्यसपछि ६२ औं मिनेटमा सिटीले फेरि अग्रता लियो । एर्लिङ हालान्डको प्रहार डिफेन्डर मुरिल्लोमा लागेर कर्नर भयो र सोही कर्नरमा रोड्रीले हेडर गर्दै गोल गरे ।

तर खेलको ७७औं मिनेटमा एलियट एन्डरसनले करिब २५ यार्ड टाढाबाट प्रहार गर्दै गोल गरेपछि खेल २-२ को बराबरीमा सकियो । यो बराबरीपछि भिटर पेरेइराको टोली नटिङ्घम गोलअन्तरका आधारमा रेलिगेसन क्षेत्रभन्दा बाहिर रहन सफल भयो ।

### न्युक्यासलसाग युनाइटेडको पराजित

न्युक्यासल युनाइटेडले म्यानचेस्टर युनाइटेडलाई २-१ गोलले हराएको छ । खेलको अन्तिम मिनेटमा वैकल्पिक खेलाडी विलियम ओसुलाले गोल गर्दै न्युक्यासललाई महत्वपूर्ण जित दिलाए । यो हारसँगै युनाइटेडका प्रशिक्षक माइकल क्यारिकले जिम्मेवारी सम्हालेपछि पहिलो हार बेहोरेका छन् ।

सेन्ट जेम्स पार्कमा भएको खेलमा न्युक्यासलले पहिलो गोल गऱ्यो । ब्रुनो फर्नान्डेसले बक्सभित्र एन्थोनी गोर्डनलाई लडाएपछि न्युक्यासलले पेनाल्टी पाएको थियो । त्यसलाई पहिलो हाफको इन्जुरी समयको छैटौं मिनेटमा गोर्डनले गोलमा परिणत गर्दै टोलीलाई अग्रता दिलाए । तर पहिलो हाफकै इन्जुरी समयको नवौं मिनेटमा युनाइटेडले बराबरी गोल फर्कायो । फर्नान्डेसकै फ्रिकिकमा कासेमिरोले हेडरमा गोल गरे ।

त्यसअघि पहिलो हाफमै इन्जुरी समयको पहिलो मिनेटमा न्युक्यासलका मिडफिल्डर जेकब राम्से रातो कार्ड पाएर मैदानबाट बाहिरिएपछि टोली १० खेलाडीमा सीमित भएको थियो ।

दोस्रो हाफमा दुवै टोलीले गोल गर्ने अवसर पाए पनि सफल हुन सकेनन् । खेल बराबरीमा टुंगिने जस्तो देखिएको थियो ।

तर खेलको ९०औं मिनेटमा ओसुलाले बक्सभित्रबाट शक्तिशाली प्रहार गर्दै निर्णायक गोल गरे । यो जितसँगै न्युकासल तालिकाको १२औं स्थानमा पुगेको छ । युनाइटेड तेस्रो स्थानमै छ ।



उत्तरपूर्वी चीनको हेइलोङजियाङ प्रान्तको सुइफेन्हे सहरस्थित सुइफेन्हे रेलवे स्टेसनमा ट्रान्सलोडिङका लागि पर्खिरहेका चीन–युरोप मालवाहक रेलहरू । *तस्बिर: सिन्ह्वा*

# इरान–इजरायल युद्ध फैलिँदै

**तेहरान–** अमेरिका र इजरायलसँग सुरु भएको युद्ध तीव्र बन्दै जाँदा इरानले बिहीबार इराकमा रहेका कुर्दिश समूहहरूमाथि आक्रमण गरेको जनाएको छ । तेहरानले ती समूहहरूलाई 'पृथकतावादी गतिविधि' नगर्न कडा चेतावनीसमेत दिएको छ । युद्ध विस्तार हुँदै जाँदा क्षेत्रीय सुरक्षा, ऊर्जा आपूर्ति र विश्व अर्थतन्त्रमा गम्भीर प्रभाव देखिन थालेको छ ।



इरानका सर्वोच्च नेतामाथि अमेरिका-इजरायलले गरेको आक्रमणपछि गत शनिबार सुरु भएको द्वन्द्व अहिले मध्यपूर्वका धेरै क्षेत्रमा फैलिएको छ । यसले विश्वबजारमा दबाब बढाएको, ऊर्जा आपूर्तिमा अवरोध सिर्जना गरेको र अन्तर्राष्ट्रिय यात्रामासमेत अव्यवस्था ल्याएको देखिएको छ ।

तेहरानले बिहीबार इराकमा आधारित कुर्दिश समूहहरूलाई लक्षित कारबाही गरेको जनाएको छ । इरानका अधिकारीहरूले ती समूहहरूले 'क्रान्तिविरुद्ध गतिविधि' गरिरहेको आरोप लगाएका छन् । केही रिपोर्टहरूमा अमेरिकाले कुर्दिश लडाकुहरूलाई इरानमा घुसपैठ गर्न हतियार उपलब्ध गराउन खोजेको दाबी गरिएको छ ।

निर्वासित इरानी कुर्दिश समूहका एक सदस्यको हत्या भएको आक्रमण पनि यिनै घटनाक्रमसँग सम्बन्धित भएको समूहका प्रतिनिधिले बताएका छन् । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली लारिजानीले पृथकतावादी गतिविधि सहन नसकिने चेतावनी दिए । उनले 'पृथकतावादी समूहहरूले अहिलेको अवस्थालाई अवसर ठानेर कुनै कदम चाल्ने भूल नगर्न' आग्रह गरे र सरकारले त्यस्तो गतिविधि कुनै हालतमा स्वीकार नगर्ने स्पष्ट पारे । बढ्दो द्वन्द्वले क्षेत्रीय शक्तिहरूलाई क्रमशः युद्धतर्फ तानिरहेको देखिएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)की प्रमुख क्रिस्टालिना जर्जिवाले यो संकटले विश्व अर्थतन्त्रको लचिलोपनलाई 'फेरि एकपटक परीक्षण' गर्ने चेतावनी दिइन् ।

इरानको एलिट रिभोलुसनरी गाड्र्सले होर्मुज जलडमरूमध्ये बन्द गरिएको दाबी गरेको छ । विश्वको कच्चा तेलको झण्डै पाँचौं भाग यही मार्गबाट पार हुने भएकाले यसको प्रभाव विश्व ऊर्जा बजारमा ठूलो हुनसक्ने विश्लेषण गरिएको छ । बजार विश्लेषक संस्था केप्लरका अनुसार तेल ट्यांकरहरूको आवागमन करिब ९० प्रतिशतले घटेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र अन्य अमेरिकी अधिकारीहरूले युद्ध सुरु गर्ने निर्णय र यसको उद्देश्यबारे फरक-फरक व्याख्या दिएका छन् । कंग्रेसको स्पष्ट स्वीकृतिविना सुरु गरिएको सैन्य अभियान रोक्न अमेरिकी सिनेटमा प्रस्ताव पेस गरिएको थियो, तर बुधबार उक्त प्रस्ताव अस्वीकार भएको छ ।

यसबीच तेहरानमा पनि तनाव कायम छ । इरानी समाचार एजेन्सी तस्निमका अनुसार बिहीबार बिहान राजधानी तेहरानमा धेरै विष्फोटको आवाज सुनिएको छ र सुरक्षालाई सक्रिय बनाइएको छ । विष्फोटका प्रभावबारे तत्काल विस्तृत विवरण सार्वजनिक भएको छैन ।

इजरायलले भने तेहरानभरि 'इरानी आतंकवादी शासनको पूर्वाधारविरुद्ध ठूलो आक्रमण अभियान' सुरु गरिएको दाबी गरेको छ । त्यसअघि इरानले इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेको थियो । जेरुसेलममा रहेका एएफपीका पत्रकारहरूले पनि विष्फोटको आवाज सुनेका थिए, तर तत्काल हताहतको पुष्टि भएको छैन । पछि इजरायली सेनाले नागरिकहरूलाई सुरक्षित स्थानबाट बाहिर निस्कन अनुमति दिएको जनाएको छ ।

लेबनानमा पनि द्वन्द्व चर्किएको छ । राज्य सञ्चालित राष्ट्रिय समाचार एजेन्सी (एनएनए) का अनुसार बिहीबार बिहान दक्षिण बेरुतस्थित हिजबुल्लाहको गढमा दुई आक्रमण भएका छन्, जहाँबाट धुवाँ उठिरहेको दृश्य एएफपी टिभीले देखाएको छ । त्रिपोली नजिकको बेद्दावी नामक प्यालेस्टिनी शरणार्थी शिविरमा रहेको एउटा अपार्टमेन्टमा भएको आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको र एक जना घाइते भएको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै एनएनएले जनाएको छ । दक्षिण लेबनानमा सडकमा गुडिरहेको गाडीमा ड्रोन आक्रमण हुँदा तीन जनाको मृत्यु भएको पनि रिपोर्ट गरिएको छ, यद्यपि आक्रमण कसले गरेको हो भन्ने स्पष्ट भएको छैन ।

इजरायलले पछिल्ला यी आक्रमणहरूको तुरुन्त जिम्मेवारी लिएको छैन । तर हालैका दिनमा इजरायली कारबाहीमा कम्तीमा ७५ जनाको मृत्यु भएको र दशौं हजार मानिस विस्थापित भएको बताइएको छ । इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ रकेट प्रहार गर्न थालेपछि लेबनान पनि द्वन्द्वमा तानिएको हो । अहिले इजरायली सेना सीमावर्ती सहरतर्फ अघि बढेका कारण व्यापक रूपमा बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

इरानले आफ्नो जवाफी आक्रमणमा खाडी क्षेत्रका अमेरिकी हित र ऊर्जा पूर्वाधारलाई लक्षित गरेको जनाएको छ । कतारले राजधानी दोहास्थित अमेरिकी दूतावास नजिक बस्ने बासिन्दाहरूलाई बिहीबार सुरक्षित स्थानतर्फ सार्न थालेको छ । कतारले यसअघि हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमण प्रयास विफल पारिएको जनाएको थियो ।

कतार सरकारले नागरिकलाई घरभित्र बस्न र अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन चेतावनी दिएको छ । युद्ध सुरु भएयता खाडी क्षेत्रका विभिन्न देशमा कम्तीमा १३ जनाको मृत्यु भएको छ, जसमा सात जना सर्वसाधारण रहेका छन् । मृतकमध्ये कुवेतकी ११ वर्षीया बालिका पनि रहेको बताइएको छ ।

संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरेबिया र कतारले बुधबार इरानी क्षेप्यास्त्रहरू रोकेको बताएका छन् । तीमध्ये केही ड्रोनले साउदी अरेबियाको विशाल रास तनुरा तेल प्रशोधन केन्द्रलाई लक्षित गरेको बताइएको छ ।

टर्की पनि यस संकटमा तानिएको देखिएको छ । इरानबाट प्रक्षेपण गरिएको एक क्षेप्यास्त्र टर्कीको हवाई क्षेत्रतर्फ अघि बढ्दा नाटोको हवाई रक्षा प्रणालीले त्यसलाई नष्ट गरेको टर्कीले जनाएको छ । एक टर्की अधिकारीका अनुसार उक्त क्षेप्यास्त्र साइप्रसस्थित बेलायती सैन्य आधारतर्फ लक्षित गरिएको देखिएको थियो । टर्कीले यस घटनाबारे स्पष्टीकरण माग्न इरानी राजदूतलाई बोलाएको छ । टर्कीका विदेशमन्त्रीले आफ्नो इरानी समकक्षीसँग कुरा गर्दै द्वन्द्वलाई अझ फैलाउने कुनै पनि कदमबाट टाढा रहन आग्रह गरेका छन् ।

यसबीच युद्ध समुद्री क्षेत्रमा पनि फैलिएको संकेत देखिएको छ । संयुक्त राज्य अमेरिकाले श्रीलंकाको तट नजिक इरानी युद्धपोतलाई टारपिडो प्रहार गरेर डुबाएको बताइएको छ । श्रीलंकाली अधिकारीहरूका अनुसार उक्त घटनापछि समुद्रबाट ८७ वटा शव बरामद गरिएको छ, जसमा ६० भन्दा बढी आइआरआइएस देना फ्रिगेटमा रहेको अनुमान गरिएको छ । श्रीलंकाली सेनाले ३२ जना नाविकलाई जीवित उद्धार गरेको जनाएको छ ।

इरानको सरकारी इरना समाचार एजेन्सीले युद्ध सुरु भएदेखि एक हजार ४५ जना सैनिक र सर्वसाधारण मारिएको दाबी गरेको छ, तर एएफपीले यसलाई स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन । इरानका अनुसार दक्षिणी सहर मिनामा शनिबार विद्यालयमा भएको आक्रमणमा धेरै बालबालिकासहित १५० भन्दा बढी मानिसको मृत्यु भएको थियो । एएफपीका पत्रकारहरू सुरक्षा कारणले उक्त स्थानमा स्वतन्त्ररूपमा पुग्न सकेका छैनन् । अमेरिकी अधिकारीहरूले भने उक्त घटनाबारे अनुसन्धान भइरहेको बताएका छन् । अमेरिकी अधिकारीहरूले पनि युद्धमा आफ्ना छ जना सैनिक मारिएको बताएका छन् ।

युद्धको प्रभाव विश्वअर्थतन्त्रमा पनि देखिन थालेको छ । वासिङ्टनमा अमेरिकी सिनेटले बुधबार अमेरिकी सैन्य कारबाही सीमित गर्ने प्रस्ताव अस्वीकार गरेको छ । रिपब्लिकनहरूले राष्ट्रपति ट्रम्पलाई समर्थन गरेपछि प्रस्ताव असफल भएको हो । उक्त प्रस्ताव पारित भए पनि ट्रम्पले भिटो गर्न सक्ने अवस्था थियो । आइएमएफ प्रमुख जर्जिवाले यो संकट दीर्घकालीन आर्थिक असर ल्याउन सक्ने चेतावनी दिएका छन् । 'हामी सम्भवतः लामो समयसम्म असर पार्ने अवस्थातर्फ जाँदै छौं,' उनले भने ।

द्वन्द्वका कारण समुद्री सुरक्षा पनि प्रभावित भएको छ । कुवेतको समुद्री क्षेत्रमा रहेको एउटा तेल ट्यांकरमा ठूलो विष्फोट भएपछि तेल फैलिएको बेलायती समुद्री सुरक्षा एजेन्सी युकेएमटिओले जनाएको छ । ऊर्जा आपूर्ति संकटको आशंकाबीच दक्षिण कोरियाले ६८ अर्ब डलरको बजार स्थिरीकरण कोष सक्रिय गरेको जनाएको छ । चीनले भने आफ्ना तेल प्रशोधन कम्पनीहरूलाई डिजेल र पेट्रोल निर्यात रोक्न निर्देशन दिएको छ ।

चीनले मध्यपूर्व संकट समाधानका लागि विशेष दूत पठाउने घोषणा पनि गरेको छ, तर त्यसबारे थप विवरण सार्वजनिक गरिएको छैन । *रासस/एएफपी*

# चीनले ४.५–५ प्रतिशतमा झार्‍यो आर्थिक वृद्धिदर लक्ष्य

**बेइजिङ–** चीनले घरेलु अर्थतन्त्रमा देखिएको मन्दी, अन्तर्राष्ट्रिय अनिश्चितता र भू-राजनीतिक जोखिमबीच सन् २०२६ का लागि आर्थिक वृद्धिको लक्ष्य ४.५ देखि पाँच प्रतिशतसम्ममा सीमित राख्ने घोषणा गरेको छ । यसले आर्थिक नीतिमा तीव्र परिवर्तनभन्दा निरन्तरतामै जोड दिने संकेत पनि दिएको छ ।



प्रधानमन्त्री ली किआङले बिहीबार राष्ट्रिय जन कंग्रेसको वार्षिक बैठकको उद्घाटनसत्रमा प्रस्तुत गरेको सरकारी प्रतिवेदनमार्फत उक्त लक्ष्य सार्वजनिक गरे । उनले प्रस्तुत गरेको ३५ पृष्ठको प्रतिवेदन एक घण्टाभन्दा बढी समय लगाएर पढेका थिए । नयाँ लक्ष्य गत वर्षको वास्तविक पाँच प्रतिशत आर्थिक वृद्धिदर तथा अघिल्ला तीन वर्षमा राखिएको करिब पाँच प्रतिशतको लक्ष्यभन्दा केही कम हो । सन् १९९१ पछिको यो सबैभन्दा न्यून वृद्धि लक्ष्य मानिएको छ ।

प्रतिवेदनमा उपलब्धि स्वीकार्दै चीनले सामना गरिरहेका कठिनाइ र चुनौतीहरूबारे सरकार स्पष्ट रहेको उल्लेख गरिएको छ । चीनका नीति निर्माताहरूले अहिले घरेलु खर्च बढाएर सुस्त अर्थतन्त्रलाई पुनर्जीवित गर्ने र राष्ट्रपति सी चिनफिङले अघि बढाएको कृत्रिम बौद्धिकता (एआई), रोबोटिक्सलगायत उन्नत प्रविधिमा विश्व नेतृत्व कायम गर्ने रणनीतिबीच सन्तुलन मिलाउने प्रयास गरिरहेका छन् ।

वार्षिक प्रतिवेदनले घरेलु मागलाई सहयोग गर्ने नीति निरन्तर रहने संकेत दिएको छ, तर छोटो अवधिमा अर्थतन्त्रलाई तीव्र गति दिन कुनै ठूलो नयाँ प्रोत्साहन कार्यक्रम ल्याइने सम्भावना नरहेको पनि जनाइएको छ ।

सरकारले सन् २०२६ का लागि प्रस्तुत गरेको मस्यौदा बजेटमा रक्षा खर्चको वार्षिक वृद्धिदर सात प्रतिशतमा सीमित गरिएको छ । यो पछिल्ला वर्षहरूमा करिब ७.२ प्रतिशत थियो । कम्युनिस्ट पार्टीले तय गरेका नीतिलाई समर्थन गर्ने करिब तीन हजार सदस्यीय राष्ट्रिय जनकंग्रेसले आगामी साताको समापन सत्रमा वार्षिक प्रतिवेदन र बजेट अनुमोदन गर्ने अपेक्षा गरिएको छ । साथै सन् २०३० सम्मका प्राथमिकता निर्धारण गर्ने पाँच वर्षे योजनामा पनि निर्णय हुने छ ।

चीन अहिले व्यापारिक तनाव र वास्तविक युद्धका प्रभावबीच रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । एसियाका धेरै देशझैं चीन पनि मध्यपूर्वबाट आउने तेल र प्राकृतिक ग्यासमा निर्भर रहेको र त्यहाँको युद्धले ऊर्जा मूल्य बढाउने तथा आपूर्ति जोखिममा पार्ने सम्भावना बढाएको बताइएको छ ।

प्रतिवेदनले बढ्दो भू-राजनीतिक तनावका कारण स्वतन्त्र व्यापार गम्भीर दबाबमा परेको उल्लेख गर्दै देशभित्र उत्पादन आपूर्ति बलियो रहँदा माग कमजोर हुनु र विकासका नयाँ चालकतर्फ संक्रमण कठिन हुनुजस्ता असन्तुलनलाई पनि औंल्याएको छ । धेरै वर्षयता यति जटिल परिस्थिति विरलै देखिएको सरकारको निष्कर्ष छ, जहाँ बाह्य आघात र घरेलु समस्या एकसाथ देखिएका छन् ।

घरेलु अर्थतन्त्र सुस्त रहे पनि चीनले निर्यातका माध्यमबाट वृद्धि कायम राखेको छ । गत वर्ष चीनको व्यापार अधिशेष झण्डै १२ खर्ब डलरको रेकर्ड स्तरमा पुगेको थियो । तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आयात शुल्क तीव्ररूपमा बढाएपछि अमेरिकातर्फको निर्यात घटेको छ । यद्यपि, अन्य देशतर्फको निर्यात बढे पनि त्यहाँका उद्योग र रोजगारीमा असर पर्ने चिन्ताका कारण केही सरकारहरूले विरोध जनाएका छन् ।

प्रधानमन्त्री लीले नागरिकको जीवनस्तर सुधार गर्ने र उपभोक्ता खर्च बढाउने प्रतिबद्धता पनि व्यक्त गरे । घरजग्गा बजारको मन्दीका कारण घरको मूल्य घट्दा धेरै चिनियाँ नागरिकले खर्च घटाएको र यसले लाखौं रोजगारी प्रभावित भएको सरकारको आकलन छ ।

सरकारले नयाँ कार, उपकरण तथा अन्य वस्तु खरिद गर्दा पुराना सामान साट्ने उपभोक्तालाई छुट दिन दुई खर्ब ५० अर्ब युआन (करिब ३६ अर्ब डलर) बराबरको बण्ड जारी गर्ने योजना अघि सारेको छ । साथै, नयाँ आवास आपूर्ति नियन्त्रण गर्न र बिक्री नभएका घरको संख्या घटाउन सहरअनुसार फरक नीति अपनाइने बताइएको छ ।

दक्षिणी चीनका एक घरजग्गा एजेन्ट हे मेरुका अनुसार बजारको सुस्तताले आम्दानीमा ठूलो गिरावट आएको छ । उनको मासिक आम्दानी अहिले करिब १० हजार युआनमा सीमित रहेको छ, जुन पाँच वर्षअघिको आम्दानीको एक तिहाइमात्र हो । दुई महिनामा एउटामात्र कारोबार भए पनि भाग्यमानी ठान्नुपर्ने अवस्था रहेको उनले बताए । उनका अनुसार अहिले धेरै मानिसका लागि रोजगारी पाउन कठिन भएको छ र आम्दानी घटेकाले खर्च गर्ने क्षमता पनि कमजोर बनेको छ ।

विश्लेषकहरूले घरजग्गा बजार पुनरुत्थानसँगै सामाजिक सुरक्षा खर्च बढाउने र रोजगारीको स्थायित्व सुधार गर्ने उपाय आवश्यक रहेको बताएका छन् । एएक्सए लगानी प्रबन्धककी इकटेरिना बिगोसका अनुसार दीर्घकालीन दिगो आर्थिक वृद्धिका लागि घरेलु माग पुनर्जीवित गर्नु महत्त्वपूर्ण भए पनि चीनलाई उच्चस्तरको उपभोगमुखी अर्थतन्त्रतर्फ मोड्न समय लाग्ने छ ।

यसैबीच चीनले सैन्य क्षेत्रमा पनि व्यापक पुनर्संरचना अघि बढाएको छ । रक्षा खर्च वृद्धि १९ खर्ब युआन (करिब दुई खर्ब ७० अर्ब डलर) पुगेको छ । हालै भ्रष्टाचारको आरोपमा उच्च सैन्य अधिकारीहरूलाई हटाउने अभियान चलाइएको छ, जसलाई विश्लेषकहरूले सेनाको आधुनिकीकरण र पिपुल्स लिबरेसन आर्मीमाथि कम्युनिस्ट पार्टीको नियन्त्रण सुदृढ बनाउने प्रयासका रूपमा हेरेका छन् ।

यस वर्षको बैठकअघि राष्ट्रिय जनकंग्रेसबाट हटाइएका १९ प्रतिनिधिमध्ये नौ जना सैन्य अधिकारी थिए । प्रतिवेदनले जनमुक्ति सेनामाथि पार्टीको पूर्ण नेतृत्व कायम राख्ने प्रतिबद्धता दोहोर्‍याउँदै सेनामा राजनीतिक निष्ठा सुनिश्चित गर्ने नीति अझ कडाइका साथ लागू गरिने जनाएको छ । *रासस/एपी*

# कोल्टन खानी दुर्घटनामा २०० जनाको मृत्यु

**गोमा (कंगो)–** पूर्वी कंगोको खनिज-सम्पन्न क्षेत्रमा रहेको प्रमुख कोल्टन खानीमा मंगलबार भएको ठूलो दुर्घटनामा कम्तीमा २०० जनाको मृत्यु भएको कंगोका अधिकारीहरूले बताएका छन् । तर सो क्षेत्र नियन्त्रणमा राखेको विद्रोही समूहले मृत्यु संख्या निकै कम भएको दाबी गर्दै सरकारी विवरणमाथि विवाद जनाएको छ ।



कंगोको खानी मन्त्रालयले बुधबार जारी गरेको विज्ञप्तिमा मंगलबार एम२३ विद्रोही समूहको नियन्त्रणमा रहेको रुबाया क्षेत्रको खानी भत्किँदा ठूलो जनधनको क्षति भएको जनाएको छ । खनिजले धनी तर लामो समयदेखि द्वन्द्वग्रस्त रहेको पूर्वी कंगोमा यस्ता दुर्घटनाहरू बारम्बार हुने गरेका छन् ।

तर खानी क्षेत्र नियन्त्रणमा राखेको एम२३ विद्रोही समूहका वरिष्ठ अधिकारी फेनी काजले सरकारी विवरण अस्वीकार गर्दै उक्त घटनालाई खानी भत्किने दुर्घटना नभई बम विष्फोट भएको बताएका छन् । उनका अनुसार मृत्यु संख्या पाँच जनाभन्दा बढी नभएको दाबी गरिएको छ ।

'प्रकाशित भइरहेका विवरणहरू सही होइनन् भन्ने कुरा म पुष्टि गर्न सक्छु,' काजले भने, 'त्यहाँ कुनै भूस्खलन भएको थिएन, बम विष्फोट भएको थियो र मृत्यु संख्या मानिसहरूले भनिरहेका जस्तो होइन । करिब पाँच जनाको मृत्यु भएको छ ।'

तर घटनास्थलमा काम गर्ने खनिज मजदुर इब्राहिम तालुसेकले भने उद्धार कार्यमा संलग्न हुँदा आफूहरूले २०० भन्दा बढी शव बाहिर निकालेको बताए । उनका अनुसार वास्तविक मृत्यु संख्या लुकाइने प्रयास भइरहेको हुन सक्छ । 'हामी डराएका छौं, तर मानिसहरूको जीवन खतरामा छ,' तालुसेकले भने, 'पिटका मालिकहरूले वास्तविक मृत्यु संख्या सार्वजनिक गर्न चाहँदैनन् ।'

रुबाया क्षेत्र पूर्वी कंगोको महत्त्वपूर्ण खनिज क्षेत्रमा पर्छ । यो क्षेत्र दशकौंदेखि सरकारी सेना र विभिन्न सशस्त्र समूहबीचको संघर्षका कारण अस्थिर रहँदै आएको छ । हालै पुनः सक्रिय भएको रुवाण्डा समर्थित एम२३ विद्रोही समूहले यस क्षेत्रमा आफ्नो प्रभाव विस्तार गरेपछि द्वन्द्व झनै चर्किएको छ ।

कंगो विश्वको प्रमुख कोल्टन आपूर्तिकर्ता देश हो । कोल्टन कालो धातुको अयस्क हो जसमा टान्टालम नामक दुर्लभ धातु पाइन्छ । यो धातु स्मार्टफोन, कम्प्युटर तथा विमानका इञ्जिन निर्माणमा महत्त्वपूर्ण कच्चा पदार्थका रूपमा प्रयोग गरिन्छ ।

अमेरिकी भूवैज्ञानिक सर्वेक्षणका अनुसार सन् २०२३ मा विश्वभर उत्पादन भएको कोल्टनमध्ये करिब ४० प्रतिशत कंगोबाट आएको थियो । अस्ट्रेलिया, क्यानाडा र ब्राजिल पनि यसको ठूला आपूर्तिकर्ता देश हुन् । विश्वभर प्रयोग हुने टान्टालमको १५ प्रतिशतभन्दा बढी आपूर्ति रुबायाका खानीहरूबाट हुने बताइएको छ । *रासस/एपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१७६०० | प्रति तोला – ० | प्रति तोला – ५५४० |



**पोखरामा पर्यटक** | प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन बिहीबार पोखराको लेकसाइडमा घुम्दै रमाइरहेका विदेशी पर्यटक । *तस्बिर : जमुनावर्षा शर्मा/रासस*

# 'मतदान देशको भविष्य निर्धारण गर्ने जिम्मेवारी पनि हो'

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मतदान केवल अधिकार मात्र नभई देशको भविष्य निर्धारण गर्ने महत्वपूर्ण जिम्मेवारीसमेत भएको बताएका छन् ।

काठमाडौंको विशालनगरस्थित मतदान केन्द्रमा मताधिकार प्रयोग गरेपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले मतदानमार्फत मुलुकले सक्षम र दूरदर्शी नेतृत्व चयन गर्ने अपेक्षा व्यक्त गरे । त्यस्तो नेतृत्वबाट स्थिर नीति, लगानीमैत्री वातावरण र निजी क्षेत्रको सक्रिय सहभागितासहित समृद्ध अर्थतन्त्र निर्माणतर्फ देश अघि बढ्ने विश्वास उनले व्यक्त गरे ।

ढकालले मुलुकको अर्थतन्त्र, रोजगारी र राजस्वमा ८० प्रतिशतभन्दा बढी योगदान निजी क्षेत्रको रहेको उल्लेख गर्दै विकास र समृद्धिको प्रमुख संवाहक नै निजी क्षेत्र भएको बताए निजी क्षेत्रको सक्रिय सहभागिता र लगानीबाट मात्रै अपेक्षित आर्थिक विकास हासिल गर्न सकिने उनको भनाइ थियो ।

निर्वाचनपछि बन्ने नयाँ सरकार र नेतृत्वले निजी क्षेत्रको महत्वलाई मनन गर्दै सहकार्यलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्दै उनले सबै नागरिकलाई मतदानमा सहभागी भई आफ्नो अमूल्य मतमार्फत देशको साझा भविष्य निर्माणमा योगदान दिन आग्रह गरे ।



# जैमिनीमा कृषि संकलन केन्द्र निर्माण

■ प्रभाव संवाददाता

**गलकोट (बागलुङ)** – स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने उद्देश्यले जैमिनी नगरपालिका–३ दमेकमा कृषि संकलन केन्द्र निर्माण गरिएको छ । जैमिनी–३ को रु तीन लाख १२ हजार लागतमा कृषि संकलन केन्द्र निर्माण गरिएको हो ।

दमेकमा उत्पादन हुने आलु, भाँगो, जडीबुटीलगायत सामग्री संकलन, बजारीकरण गर्नेलगायत उद्देश्यले भवन निर्माण गरिएको वडाध्यक्ष कृष्णबहादुर भुजेलले जानकारी दिए । 'हाम्रो उद्देश्य यहाँको स्थानीय उत्पादन संकलन गरी बजारीकरणसँगै प्रवर्द्धन गर्ने हो । वडा नं ३ मा उत्पादित सामग्री यहाँ संकलन गरिन्छ, त्यसपछि जैमिनी नगरपालिकाको कृषि एम्बुलेन्समा राखेर बिक्री गर्न पठाइन्छ', उनले भने, 'कृषि सामग्री संकलनका लागि घरघर जान नपरोस् भन्ने उद्देश्यले यो काम थालेका छौँ ।'

यसअघि कृषि संकलन केन्द्र नहुँदा कृषि उत्पादनले बजार पाउन नसकेका बताउँदै उनले किसानलाई बिक्रीका लागि असहज हुँदै आएकामा अब समस्या समाधान हुने विश्वास व्यक्त गरे । उनले भने, 'अब यसले यहाँका हरेक कृषकलाई आम्दानीसँग जोड्न सहयोग गर्नेछ ।'

स्थानीय भैरवप्रसाद सापकोटाले यहाँ संकलन केन्द्र अतिआवश्यक रहेको बताए । उनले भने, 'किसानलाई आम्दानीसँगै जोड्न तथा कृषि उत्पादनको बजारीकरणसँगै प्रवर्द्धनका लागि पनि आवश्यक थियो । ठिक ठाउँ र समयमा केन्द्र निर्माण गरी सञ्चालनमा आएपछि किसान प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् ।'

कृषि पेसा गर्दै आएका उनले गाउँमा सडक, यातायातको पहुँच विस्तार भएसँगै कृषि उत्पादनमा प्रगति भइरहेको भन्दै केन्द्रले बजारीकरणमा सघाउने विश्वास व्यक्त गरे । 'हामीले उत्पादन गरेका वस्तु संकलन गर्ने छौँ, त्यसपछि गाडीमार्फत बजारसम्म लगिने छ', उनले भने । उनका अनुसार यहाँ सबैभन्दा बढी आलु र भाँगो उत्पादन हुन्छ ।


## सडक प्रयोग गर्दा ध्यान दिऔं

- सडक सीमा अतिक्रमण नगरौं ।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं ।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं ।
- सवारी चलाउँदा लेख अनुशासन पालना गरौं र गराऔं ।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं ।
- सवारी साधनमा भुण्डिएर वा छतमा बसेर यात्रा नगरौं ।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं ।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।

**यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# मोहना नदीमा 'बिगबोल्डर' तटबन्ध निर्माणपछि स्थानीयलाई राहत

■ प्रभाव संवाददाता

**टीकापुर (कैलाली)** – कैलालीको टीकापुर नगरपालिका–९ खक्रौलास्थित मोहना नदीमा तटबन्ध निर्माण गरिएको छ । यहाँ ठूला ढुङ्गाको प्रयोग (बिगबोल्डर) गरी ६८० मिटर लामो तटबन्ध निर्माण गरिएको हो ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कञ्चनपुरले यहाँ तटबन्ध निर्माण गरेपछि वर्षौंदेखि नदी कटानको त्रासमा रहेका नागरिकले राहत महसुस गरेका छन् ।

आयोजनाका इञ्जिनियर उत्तम सुवेदीले भ्याटसहित रु चार करोड ११ लाखको लागतमा तटबन्ध निर्माण गरिएको र यसले नदी कटान नियन्त्रणमा सघाउ पुगेको बताए । यसअघि नदीको कटानले नेपाल–भारत सीमामा रहेको १०५ नम्बर सीमास्तम्भसमेत जोखिममा परेको थियो ।

तटबन्ध निर्माणपछि तटीय क्षेत्रमा बसोबास गर्ने दुई दर्जनभन्दा बढी परिवारले राहत महसुस गरेका स्थानीय खडग धामीले बताए । 'वर्षौंदेखि नदी कटानको जोखिम भोग्दै आएका थियौँ । बर्खायाममा कतिबेला घर बगाउने हो भन्ने त्रास हुन्थ्यो, सयौँ बिघा जमिन कटान गरेपछि कतिपय परिवार



बिस्थापित भइसकेका छन् । अब त्यसबाट जोगिने आशा जागेको छ', उनले भने ।

यहाँ कतिपय परिवारको हातमा लालपुर्जा छ, तर जमिन छैन । ती परिवारको खेतीयोग्य जमिन नदी तथा बगरमा परिणत भएको छ । धामीले भने, 'यो तटबन्ध पाँच वर्षअघि निर्माण भएको भए धेरै परिवार विस्थापित हुनुपर्ने थिएन । यसबारे पटक पटक मन्त्रालय र नेताहरूलाई पनि भन्यौँ । अन्तिममा हाम्रो मागको सुनुवाइ भई तटबन्ध बनेको छ । यसले थप जोखिमबाट जोगिएका छौँ ।'

यहाँ गत आर्थिक वर्षको बजेटबाट तटबन्ध निर्माण गरिएको हो । स्थानीय रणसिंह धामीले तटबन्ध निर्माणपछि अब थप जोखिम नहुने आशा जागेको बताए । 'नदीले कटान गरेर दुःख दिइरहेको थियो, बर्खा लागेपछि त ढुक्क भएर निदाउन पनि पाइने अवस्था थिएन । तटबन्ध बनेपछि त्यसबाट राहत मिलेको छ', उनले भने ।

पूर्वसांसद न्यौपानेले तटबन्ध निर्माणपछि मोहना नदीले कटान गरेर बर्सेनि दिँदै आएको पीडाबाट ठूलो राहत भएको बताए । 'बर्खायाममा मात्रै होइन, सुक्खायाममा पनि नदीले कटान गर्ने गरेको थियो, जनता त्रासमा थिए । हामी पनि यही क्षेत्रको प्रतिनिधि भएकामा तटबन्ध निर्माणका लागि निकै दबाबमा थियौँ', उनले भने, 'सबैको पहलपछि यहाँ तटबन्ध निर्माण भएको छ । सरकारले जनता पीडा र हाम्रो आवाजको सुनुवाइ गरेकामा खुसी लागेको छ ।'

सुदूरपश्चिम प्रदेश सरकारका पूर्वमन्त्री डा. रणबहादुर रावलले तटबन्धमा ढिलाइ हुँदा धेरैले जमिन गुमाएको र अब भने त्यो जोखिम नदोहोरिने विश्वास व्यक्त गरे । 'सरकारले कर्णाली र मोहना नदीमा तटबन्ध गरे पनि यहाँको केही भागमा बाँकी थियो, जसले गर्दा नदी छेउका धेरै नागरिकको जमिन कटान भयो । ढिलै भए पनि हामी सबैको पहलले समस्या समाधानका लागि तटबन्ध निर्माण भएको छ', उनले भने ।

मोहना नदी कटानले नेपाली भूभाग भारततर्फ गएको छ । आफ्नो जमिन नदीपारि भारततर्फ गएपछि यहाँका नागरिकले त्यहाँ गएर खेतीपाती गर्न सकेका छैनन् ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ